परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

विद्यालय नै औपचारिक शिक्षाको पहिलो र महत्वपूर्ण सिकाइ स्थान हो । कुनै पनि देशको शिक्षा प्रणालीको माध्यम नै विद्यालय र विद्यालयमा दिइने औपचारिक शिक्षालाई मान्ने गरेको पाइन्छ । आधुनिक विद्यालय अर्थात औपचारिक शिक्षाको सुरुवात बेलायतबाट भएको मानिन्छ । पछि क्रमशः विभिन्न देशहरुमा विद्यालयहरुको स्थापना हुँदै गएको पाइन्छ नेपालमा पनि औपचारिक विद्यालयको सुरुवात भएको धेरै समय भएको छैन । वि.सं १९१० मा राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले आफ्ना सन्ततिहरुलाई अंग्रेजी शिक्षा दिने उद्देश्यले थापाथली दरवारमा खोलेको दरवार स्कुललाई नै नेपालको पहिलो आधुनिक स्कुल भनिन्छ । यसभन्दा अगाडि विभिन्न केन्द्रहरु जस्तै मठ, मन्दिर, गुम्बा, मस्जिद आदिमा धार्मिक तथा आध्यात्मिक शिक्षा दिइन्थ्यो यसरी दिइने शिक्षाको मुख्य उद्देश्य चरित्र निर्माण गर्नु थियो । यस्तो धर्मिक संस्थाहरुको सञ्चालन तिनीहरुको नाममा राखिएको गुठीहरुबाट हुन्थ्यो र पण्डित पुजारीहरुले तिनीहरुको रेख-देख गर्दथे ।

शिक्षा विकास सँग-सँगै आवश्यक्ताहरु पनि बढ्दै गए र जटिलताहरु पनि थपिदै गए । धार्मिक संस्थाहरुमा दिएको ज्ञान र धारणाको विकास हुन सकेन ।

अतः बदलिदो परिस्थिति अनुसार नेपालमा पनि विद्यालय शिक्षाको सुरुवात भयो । राणाकाललाई शिक्षा विकास अवरोधको युग भनिन्छ तापनि शिक्षाप्रति जनताको चाहना र उर्लदो लहर राणाहरुले पूर्ण रुपले रोक्न सकेनन् । फलस्वरुप जनताहरुद्धारा सञ्चालित पठशालाहरु खुल्न थाल्यो ।

यसरी खुलेको पाठशालाहरुमा सम्पूर्ण व्यवस्थापन जनताहरुबाटै हुन्थ्यो । पढेलेखेका व्यक्तिहरुले स्वयंसेवकको रुपमा पढाउँदथे । धार्मिक प्रवृतिका मानिसहरुबाट विद्यालय सञ्चालनको लागि दान दातृत्व प्राप्त हुन्थ्यो विद्यालयको निश्चित आयस्रोतहरु हुदैनथ्यो । चन्दा, दान संकलन गरेर भए पनि विद्यालय खोली आफ्ना सन्ततिहरुलाई शिक्षित वनाउने

जन चाहना देखिन्थ्यो । यस्तो अवस्थामा सञ्चालन भएका विद्यालयहरुको व्यवस्थापन, प्रशासन, निरीक्षण राज्यबाटै गर्नुपर्ने अन्यथा जनता राणा शासनको विरोधमा उर्लन सक्नेदेखि राणा प्रधानमन्त्री जुद्ध शमशेरले वि.स. १९९६ मा शिक्षाको इस्तिहार जनताको नाममा जारी गरे ।

इतिहासलाई केलाउँदा माध्यमिक विद्यालयमा ११ देखि १३ जना जवान र पाठशाला प्रा.वि. मा ५ देखि ७ जवान रहेको सञ्चालक समिति रहने व्यवस्था गरेको थियो । जस अनुसार मा.वि.का अध्यक्ष जिल्लाका वडा भित्र वा मजिष्ट्रेड, प्र.अ.-१, शिक्षक प्रतिनीधि-१, गा.वि.स नगरपालिकाको वडा सदस्य रहनु पर्ने व्यवस्था शिक्षा ऐनमा रहेको पाइन्छ । सञ्चालक समितिको मुख्य काम संस्थाका लागि द्रब्य जम्मा गर्नु, संस्थालाई राम्ररी सञ्चालन गर्नु भन्ने उल्लेख गरेको पाइन्छ ।

त्यसबेला सरकारबाट विद्यालय सञ्चालनको लागि निश्चित प्रतिशत रकम दिइन्थ्यो र केही अंश संचालक समितिले जुटाउनु पर्ने देश भरि एकै प्रकारको शिक्षा प्रणाली स्थापना गर्ने उद्देश्यले सरकारी तवरबाट विद्यालयहरु सञ्चालन, नियन्त्रण र निर्देशन हुने साथै जनसमुदायबाट भौतिक साधन उपलब्ध गराउने, सामान्य रेख-देख गर्ने कार्य मात्र हुन गयो ।

त्यतिबेला विद्यालय सहयोग समितिको कुनै दायित्व रहेन । जि.शि.का. र त्यस अन्तर्गतका निरीक्षकले विद्यालय सञ्चालनमा खासै सुधार ल्याउन नसकेकाले विद्यालयतहको शिक्षामा थुप्रै समस्याहरु महसुस गरीयो र योजना लागु भएको १० वर्ष पछि सहयोग समितिलाई खारेज गरी पुनः अधिकार सम्पन्न विद्यालय सञ्चालक समिति बनाइयो । त्यसपछि हरेक आयोगहरुले विद्यालय व्यवस्थापन समितिको व्यवस्था गर्नुपर्ने सुझाव दिए अनुसार शिक्षा ऐन २०२८ को सातौं संसोधन २०५८ ले ऐनमा नै विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरेको छ ।

विद्यालयमा समुदायलाई सहभागिता गराउने क्रममा शुरुमा विद्यालय सहयोग समिति, विद्यालय सञ्चालक समिति र हाल आएर विद्यालय व्यवस्थापन समिति भनेर

नामाकरण गरीएको छ । साथै हाल नेपाल सरकारले व्यवस्थापन समितिको अधिकार र कर्तव्यलाई व्यापक वनाई विद्यालय व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी समुदायका व्यक्तिलाई अर्थात समुदायमा हस्तान्तरण गर्ने नीति अवलम्बन गरीएको छ । विद्यालयको सञ्चालनमा सरकारको मात्र प्रयासले सम्भव नहुने हुँदा समुदायमै रहेका व्यक्तिहरुबाट अर्थात त्यहीं विद्यालय व्यवस्थापन गर्दा शैक्षिक स्थितिमा सुधार गर्न सकिन्छ ।

वास्तवमा विद्यालयको उपयुक्त व्यवस्थापनमा त्यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ र रहनु पनि पर्दछ । सामुदायिक विद्यालयमा एउटा विद्यालय व्यवस्थापन समिति रहने र त्यस विद्यालयको शैक्षिक, भौतिक, आर्थिक व्यवस्थापनमा उक्त विद्यालय व्यवस्थापन समितिको प्रमुख तथा महत्वपूर्ण उत्तरदायित्व रहने व्यवस्था गरीएको छ । माध्यमिक विद्यालयको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको विभिन्न काम, कर्तव्य र अधिकारहरु रहेका छन् । विद्यालय सञ्चालनको लागि प्रशस्त साधन र स्रोतको परिचालन गर्नु पर्दछ । जसमा विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक विवरण अध्यावधिक गराईराख्नु पर्दछ । विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्नु पर्दछ साथै विद्यालयमा राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिलाउन दिनु हुँदैन । त्यस्तै जिल्ला शिक्षा कार्यालयले तोकेको लेखापरिक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउनु पर्दछ । शिक्षकको गुणस्तर कायम गर्ने सम्वन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने जस्तो काम, कर्त्तव्य अधिकार विद्यालय व्यवस्थापन समितिलाई दिइएको छ ।

अतः माध्यमिक विद्यालय सञ्चालन गर्ने भौतिक संरचना तयार गर्नेदेखि लिएर आर्थिक स्रोत जुटाउने शैक्षिक जनशक्ति परिचालन गर्ने, कक्षा ११ र १२ को विभिन्न संकायका सम्वन्धन लिन पहल गर्न र गुणस्तरीय शिक्षाको लागि वातावरण मिलाउने जस्ता विविध पक्षहरुको जिम्मेवारी सबै विद्यालय व्यवस्थापन समितिको नै रहने भएकोले विद्यालयको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको अपरिहार्यता भन्ने शीर्षकमा यो शोध पत्र तयार गरीएको छ ।

## १.२ समस्याको कथन

विद्यालय व्यवस्थापन भन्नाले उपलब्ध स्रोत र साधनहरुको समुचित परिचालन गरी गुणस्तरीय तथा अधिकतम शैक्षिक उत्पादन गर्नु भन्ने वुझिन्छ । समितिले विद्यालयमा उपलब्ध साधन, स्रोतको समुचित परिचालनको साथै नपुग आर्थिक, भौतिक साधनहरुको समेत व्यवस्था र थप विकास गर्न पनि व्यवस्थापन समितिकै उत्तरदायित्व भित्र पर्दछ ।

विद्यालय व्यवस्थापन समितिले शैक्षिक गुणस्तरमा सुधार ल्याउन जुन रुपमा कार्य गर्नु पर्ने हो सो हुन नसक्नु ठूलो विडम्वना छ । हुन त त्यहाँ व्यवस्थापन समितिका सबै पदाधिकारीहरु शिक्षित छैनन् त्यसैले राष्ट्रको मा.वि.तहको शैक्षिक विकासमा जुन रुपमा सहभगिता हुनु पर्ने हो सो हुन सकेको छैनन् । व्यवस्थापन समितिमा शिक्षित व्यक्तिहरुको सहभागिता कम भएको हुँदा शैक्षिक विकासमा अन्योल अर्थात शैक्षिक गुणस्तर वृद्धि गर्नको लागि विभिन्न समस्याहरु देखा परेका छन् । यसरी विद्यालय व्यवस्थापन समितिका सदस्यहरुलाई आफ्नो स्पष्ट नीति र कानुनको अभावमा व्यवस्थापन समितिका सदस्यहरुलाई अझ आफ्नो जिम्मेवारी बारे कम जानकारी भएको पाइन्छ । यो नै आजको समस्या र चुनौती हो ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि देशको विकासको मुख्य आधार समय अनुकूल गुणस्तरीय शिक्षाको विकास हो गुणस्तरीय तथा प्रभावकारी शैक्षिक प्रकृयामा व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सक्षम र सक्रिय व्यवस्थापकहरु गुणस्तरीय शैक्षिक उत्पादनका लागि सफल भएका हुन्छन । शैक्षिक व्यवस्थापनमा केन्द्रीयस्तरमा शिक्षामन्त्रालय, शिक्षा विभाग, क्षेत्रिय शिक्षा निर्देशनालय र जिल्ला स्तरमा जिल्ला शिक्षा कार्यालय विद्यालयस्तरमा विद्यालय व्यवस्थापन समिति रहने गर्दछ। यीमध्ये मुख्य र प्रत्यक्ष सरोकारवाला विद्यालय व्यवस्थापन समिति नै हो

कुनै पनि अनुसन्धानका अर्थपूर्ण समस्या समाधान गर्न नयाँ तथ्य र सिद्धान्त प्रतिपादन गर्न तथा उपयोगिताको दृष्टिकोणबाट गरीएका हुन्छन । अनुसन्धानकर्ताले पनि आफ्नो समय, श्रम र खर्चको प्रतिफलको आशा गरेको हन्छ । यसै तथ्यलाई ध्यान दिदै निर्माण र कार्यान्वयनलाई शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिकालाई

नजिकबाट अध्ययन गरी यसलाई अझ व्यापक र प्रभावकारी बनाउन सकियोस भन्नका लागि यो विषयलाई अध्ययनको विषय बनाइएको हो ।

कुनै पनि समाजको विकास त्यस समाजमा उपलब्ध शैक्षिक विकासमा निर्भर गर्दछ । तसर्थ हरेक समाजले आफ्नो समाजमा शैक्षिक सुविधाका लागि विद्यालयहरु स्थापना र सञ्चालन गरेका हुन्छन । विद्यालय स्थापना र सञ्चालनले मात्र समाजको अपेक्षा पूरा गर्न सक्दैन । त्यस विद्यालयमा उचित र गुणस्तरीय शिक्षा प्रदान गर्नु पनि समाजकै उत्तरदायित्व भित्र पर्दछ ।

वर्तमान विद्यालय शिक्षाको अवस्थालाई हेर्दा देशव्यापी रुपमा शैक्षिक गुणस्तरमा चरमसीमामा पुगेको अवस्था छ । यसलाई सुधार गर्न राज्यको भूमिका त आफ्नो ठाउँमा छँदैछ, विद्यालय व्यवस्थापन समितिको भूमिका पनि आफ्नो ठाउँमा महत्वपूर्ण हुन्छ । किनकि सामुदायिक विद्यालय सञ्चालनमा राज्यभन्दा विद्यालय व्यवस्थापन समिति सधै नजिक रहेर विद्यालयमा सञ्चालन गर्ने पूर्ण जिम्मेवारी पाएको मूख्य सरोकारबाला निकाय हो । विद्यालयको सम्पूर्ण व्यवस्थापन सञ्चालनको जिम्मा विद्यालय व्यवस्थापन समितिलाई दिएको छ । यस अध्ययनमा सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्न विद्यालय व्यवस्थापन समितिको भूमिका कस्तो रहेको छ, भनी विद्यालय व्यवस्थापन समितिको शैक्षिक गुणस्तर सुधारका लागि नीतिगत तथा योजनावद्ध के-कस्ता कार्यक्रमहरु सञ्चालन गरेको छ भन्ने सम्बन्धमा अध्ययन गरीने हुँदा यो शोध औचित्यपूर्ण देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्यहरु

यस अध्ययनका उद्देश्यहरु निम्न लिखित राखिएका छन् ।

क) विद्यालयको विद्यमान स्रोत र साधनको उपलब्धताको अवस्था खोजी गर्नु ।

ख) विद्यालयको शैक्षणिक प्रक्रियाको अवस्था पत्ता लगाउनु ।

ग) विद्यालय व्यवस्थापन समितिले शैक्षिक विकासमा निर्वाह गरेको भूमिका पहिचान गर्नु ।

घ) विद्यालय व्यवस्थापनमा देखिएका समस्याहरु पहिल्याइ न्यूनीकरणका उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

क) विद्यालयको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका कस्तो रहेको छ ?

ख) विद्यालयमा विद्यमान स्रोत र साधनको अवस्था के-कस्तो रहेको छ पहिचान गर्ने ?

ग) वर्तमान अवस्थामा विद्यालयको शैक्षणिक अवस्था कस्तो रहेको छ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययन समयको सीमितता, स्रोत, साधन र आर्थिक अभाव आदिको कारणहरुले गर्दा हाल सर्लाही जिल्लाका ७२ वटा माध्यमिक विद्यालयहरु मध्ये ५ वटा माध्यमिक विद्यालयहरुलाई लिइएको छ । सर्लाही जिल्लाको हरिपुर स्रोत केन्द्र अन्तर्गतका ३ वटा विद्यालय र ईश्वरपुर स्रोत केन्द्र अन्तर्गतका २ वटा विद्यालय गरी ५ वटा विद्यालयहरुलाई सीमित गरीएको छ । यसमा ५ वटै माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु, अभिभावकहरु, प्राचार्य, शिक्षक, अभिभावक संघ तथा शिक्षकहरुलाई समेटिएको छ । यस अध्ययन माध्यमिक विद्यालयको मात्र शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका भन्ने शीर्षकमा आधारित रही विभिन्न तथ्याङ्कीय माध्यमको आधारमा व्याख्या एवम् विश्लेषण गर्नमा केन्द्रित गरीएको छ ।

परिच्छेद : दुई

# अध्ययनको सैद्धान्तिक खाका तथा सम्बन्धीत साहित्यको पुनरावलोकन

## २.१ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनमा सैद्धान्तिक खाकाको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त (१९११) र मानव सम्बन्ध सिद्धान्त दुईवटा सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा उपयोग गरीएको छ । मूलत यो अध्ययन उच्च माध्यमिक विद्यालयको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको व्यवस्थापकीय पक्ष र ती विद्यालयहरुको समुदायसँगको मानवीय सम्बन्धसँग केन्द्रित रहेको छ । त्यसैले यस अध्ययनमा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानवीय सम्बन्धले व्यवस्थापकीय पक्षलाई कसरी सुधार गर्न सकिन्छ भनेर फरक फरक चिन्तन प्रस्तुत गरेर उत्पादकत्व बृद्धि गर्नेतर्फ उन्मुख भएकोले पछि यिनै सिद्धान्तहरु शिक्षाको व्यवस्थापनमा समेत लागु हुँदै आएका छन् । यस अध्ययनमा विद्यालयको व्यवस्थापकिय पक्षलाई समेत समेटिएकोले यी दुईवटै सिद्धान्तहरुलाई यहाँ उल्लेख गर्न मार्गदर्शनको रुपमा लिइएको छ ।

माध्यमिक विद्यालयको भौतिक व्यवस्थापन, शिक्षण प्रभावकारिता र शैक्षिक गुणस्तर वृद्धिका लागि वैज्ञानिक व्यवस्थापनको सिद्धान्त उपयोग हुन सक्छ । विद्यालय व्यवस्थापनको लागि कस्ले के काम गर्ने, कुनै पनि कामलाई राम्रोसँग सम्पन्न गर्न, कसरी कामको बाँडफाँड तथा अधिकार प्रत्यायोजन गर्ने, कसलाई कामको जिम्मा दिने भन्ने कुराले पनि प्रभाव पार्दछ । वैज्ञानिक व्यवस्थापनको सिद्धान्त बमोजिम विद्यालयमा उपलब्ध स्रोत, मानव संसाधनलाई उपयोग हुने गरी प्रयोग गर्न सकिन्छ । विद्यालयको प्राचार्य, शिक्षक, शिक्षिका, विद्यालय व्यवस्थापन समिति, अभिभावक र विद्यालयको हरेक क्रियाकलापमा सम्पूर्ण पक्षलाई उत्तरदायी बनाउँदै लैजान यस सिद्धान्तलाई महत्वपूर्ण रुपमा लिन सकिन्छ । यस प्रकार वैज्ञानिक व्यवस्थापन सिद्धान्तले विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउन शैक्षिक क्रियाकलापलाई सुनिश्चित गर्न प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउँदछ ।

वैज्ञानिक व्यवस्थापन कुनै नयाँ अन्वेषण होइन न त यो नयाँ आविष्कार नै हो । यसले विगतका संयोजन नभएका तत्वहरु विशेष गरी पुरानो तथा नियमको आधारमा

संयोजन गर्दछ । यसले व्यवस्थापक र कामदारको मानसिक अवधारणामा परिवर्तन ल्याई यी दुवै बीचको आपसी भूमिका र दायित्व बुझ्न सघाउँछ । वैज्ञानिक व्यवस्थापन एकल तत्व होइन बरु यो विभिन्न तत्वहरुको संयोजन हो । वर्तमान समय व्यक्तिगत उपलब्धी हासिल गर्न सक्ने सक्षम व्यक्तिका पक्षमा छ तर आफ्नो क्षमताका आधारमा उपयुक्त भूमिका निर्वाह गर्न नसक्ने कामदारले अन्य व्यक्तिहरुसँग मिलेर काम गर्नुपर्दछ ।

मानव सम्बन्ध सिद्धान्तले मानव सम्बन्ध भनेको व्यवस्थापन र कामदारको अन्तरक्रियामा निर्भर हुने कुरा उल्लेख गरेको छ । व्यक्तिको सोचाइ, प्रवृत्ति र व्यवहार अर्को व्यक्तिसँग कसरी प्रस्तुत हुन्छ त्यसमा नै मानव सम्बन्ध निर्भर हुने गर्दछ । यसमा मनोविज्ञान, व्यक्तिगत गुण र मानवीय तत्वले प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । यसरी मानव सम्बन्धका विविध आयामहरुलाई मध्यनजर गरेर विद्यालय व्यवस्थापनका हरेक सवालमा राम्रो र आपसीसम्बन्ध कायम गर्न मानव सम्बन्धले महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ ।

मानव सम्बन्ध भन्नाले मानव जस्तो व्यवहार गर्नुपर्दछ, मानवलाई संगठनको वस्तु वा अन्य कुनै साधन वा सम्पत्तिको रुपमा लिनु हुँदैन । यसको आफ्नै मानवीय अस्तित्व छ भनि स्वीकार गर्नुपर्दछ । यदि सबै मिलेर उद्देश्यहरु पूर्ति गर्नु छ भने एकले अर्कोलाई पक्कै चिन्नुपर्दछ । यस अनुसार मानव सम्बन्ध यस्तो कला हो व्यवस्थापकले बुझेर व्यवहार गर्नु पर्दछ, जति धेरै मानवीय सम्बन्ध स्थापना गर्न सक्यो त्यतिनै राम्रो सम्बन्ध कायम भै काममा स्तरीयता एवम् प्रभावकारिता हाँसिल हुन्छ भन्ने मानव सम्बन्ध सिद्धान्तको सार हो

वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले कामदारको कार्य शैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्ने पारिश्रमिक, वैज्ञानिक निर्धारण, कामको विभाजन, कामदारको छनौट गर्ने कार्य वैज्ञानिकीकरण जस्तो पक्षलाई जोड दिएको र मानव सम्बन्ध सिद्धान्तले मानव सम्बन्ध तथा मानवीय पक्षमा जोड दिंदै मानिसहरुको मनोविज्ञान, व्यक्तिगत व्यवहार, आपसी अन्तरसम्बन्ध, व्यक्तिगत गुणहरु, नेतृत्व अनुयायी तथा यिनलाई प्रभाव पार्ने सबै मानवीय तत्वहरुको अध्ययनमा जोड दिएको देखिन्छ ।

## २.२ सम्बन्धीत साहित्यको पुनरावलोकन

सम्बन्धीत कृति, रचनाको समीक्षा तथा विश्लेषणको उद्देश्य शोध शीर्षकको आधारभूत ज्ञान हासिल गरी त्यसको बारेमा धारणा कोर्नु हो । अनुसन्धानकर्ताले आफ्नो अध्ययनको क्षेत्रमा पूर्ववत् गरीएका अध्ययन अनुसन्धान निष्कर्षहरु तथा संगठित रुपमा प्रकाशित गरीएका पुस्तक, पत्रपत्रिका, लेख रचना तथा कृतिहरु अध्यन गर्ने र त्यसको सारलाई आफ्नो अध्ययनमा उल्लेख गर्ने गर्नाले आफ्नो अध्ययनको क्षेत्रमा ज्ञात भएका र वर्तमानसम्म पनि अज्ञात तथा परीक्षण नगरीएका प्रमाण वा ज्ञानहरुबारे जानकारी प्राप्त गर्न सक्दछ । त्यसैले यस अध्ययनमा माध्यमिक विद्यालयको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको अपरिहार्यता सम्बन्धमा निम्न शोधपत्र, लेख, पुस्तकको अध्ययन तथा समीक्षा गरीएको छ ।

सेरिड, (२००१) का अनुसार वर्तमान समयमा हुने खानेहरु र स्वयं सामुदायिक विद्यालयहरुको प्राचार्य, प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुका छोराछोरीहरु समेत निजी आवासीय अंग्रेजी माध्यमका विद्यालयहरुमा अध्ययन गर्ने गरेको पाइयो । व्यवस्थापन पक्ष कमजोर रहेको छ । डोटी, तनहुँ र धनुषा जिल्लामा गरीएको स्थलगत अध्ययनमा सामुदायिक विद्यालयको आर्थिक गतिविधिमा पारदर्शीता नपाइएको विद्यालय र समुदाय बिचको सम्बन्ध कमजोर रहेको, उपलब्ध स्रोतको अधिकतम प्रयोग गर्न नसकेको विद्यालयलाई महत्वपूर्ण योगदान दिएका व्यक्तिहरुलाई वर्तमान विद्यालय व्यवस्थापन समितिमा कुनै स्थान नदिएको जस्ता कारणबाट विद्यालयको विकास हुन नसकेको निष्कर्ष निकालिएको छ सेरिड, (२००१) ।

भण्डारी, (२०६१) यसमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना विद्यालयमा सामुदायको सहभागिता बृद्धि गरी व्यवस्थापन पक्षलाई सुदृढ गराउने छात्रछात्राको भर्नादर बृद्धि गर्ने एवं दलित र पिछडिएका वर्गका वालवालिकाहरुलाई शिक्षाको राष्ट्रिय मूलधारमा ल्याउने उद्देश्य अनुरुप लागु गरीएको भए पनि कायक्रमको अन्त्यसम्म आइपुग्दा शिक्षामा छात्रा एवं दलित र पिछडिएका वर्गको वालवालिकाको सहभागितामा बृद्धि भए पनि समुदायमा विद्यालय हाम्रो हो भन्ने भावना विकसित हुन नसकेको कुरा देखाएका छन् । नेपालको प्राथमिक शिक्षामा गुणस्तर बृद्धि गर्न समुदायको सहभागिता बृद्धि गर्ने र भौतिक

व्यवस्थापन सुधार गर्न विभिन्न परियोजना र कार्यक्रमहरु सञ्चालन गरीएतापनि विद्यालयको भौतिक व्यवस्थापनमा समुदाय खासै सकृय हुन नसकेको देखिन्छ । समुदायले विद्यालयलाई व्यवस्थित बनाउनका लागि जवसम्म सकृय सहयोग गर्न सक्दैन तवसम्म शैक्षिक व्यवस्थापन पक्षमा सुधार आउन सक्दैन भन्ने निचोड विभिन्न परियोजना कार्यक्रमको मूल्याङ्कन मार्फत पत्ता लागेको हुँदा विद्यालयको व्यवस्थापन पक्षलाई समुदायमा हस्तान्तरण गर्दै लैजानु पर्ने धारणा व्यक्त गरेका छन् (भण्डारी, २०६१) ।

विद्यालयमा आधारित व्यवस्थापन यस्तो एउटा प्रक्रिया हो, जस अन्तर्गत प्राचार्य, प्र.अ. शिक्षक, विद्यार्थी र समुदायका विद्यार्थीहरु विद्यालयका समस्याहरु समाधानको निर्णय प्रक्रियामा सहभागी हुन्छन् (शैक्षिक उन्नयन, २०६४) ।

शिक्षक शिक्षा, (२०६४) ले सामुदायिक विद्यालय व्यवस्थापन जिम्मेवारी वहन गर्न सघाउने उपायहरुको उल्लेख यसरी गरेको छ । विद्यमान शिक्षा ऐनमा प्र.अ., विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको व्यवस्थापन र यसको कार्यक्षेत्र स्पष्टसँग किटान गरी विद्यमान द्धिविधा हटाउनुपर्ने सामुदायिक विद्यालयको व्यवस्थापन समुदायद्वारा गर्न सबै राजनैतिक दलहरुमा सकारात्मक प्रतिबद्धता आउनुपर्ने स्थानीय निकायहरुलाई सशक्त गरी संस्थागत विकासका कार्यक्रमहरु ल्याउनुपर्ने अधिकारको प्रत्यायोजन मात्र नगरी अधिकार निक्षेपण गर्नु पर्ने, स्थानीय निकायहरुलाई अधिकार निक्षेपणको प्रयोग सम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने, दलित जनजाति, पिछडिएका वर्ग, अपाङ्ग, महिला, अति विपन्न वर्गसम्म पुग्ने र उनीहरुको पहुँच बृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने । शैक्षिक नेतृत्व वर्गले उत्तरदायित्व जिम्मेवारीबोध अपनत्वको भावना शुसासन र पारदर्शिता जस्ता कुरामा विशेष ध्यान दिनुपर्ने उल्लेख गरेको छ (शिक्षक शिक्षा, २०६४) ।

शाही, (२०६०) का अनुसार शैक्षिक व्यवस्थापन प्रभावकारितालाई गुणस्तरीय शिक्षा प्रदान गर्न अवलम्बन गर्नुपर्ने उपायको सन्दर्भमा महत्वपूर्ण सुझाव प्रस्तुत गरेका छन् । शिक्षक कर्मचारीको राय सुझाव र परामर्शको आधारमा नेतृत्वलाई अगाडि बढाउनुपर्दछ । कार्य पारदर्शितालाई जोड दिँदै भेला आयोजना गरेर अरुको बिचारको सम्मान गर्नु पर्दछ । शिक्षक, प्र.अ. हरुमा जवाफदेहिताको भावना अभिवृद्धि गर्न निरीक्षण प्रणाली प्रभावकारी

हुनुपर्दछ । दोहोरो सञ्चालन गरी सबैलाई विद्यालय गतिविधिबारे सु-सुचित गर्नुपर्छ । विद्यालय व्यवस्थापन समितिमा स्वच्छ, निस्वार्थ, इमान्दारी र समर्पित व्यक्तिको छनौट हुनुपर्दछ । विद्यालयको उन्नतिको लागि थप अनुदान व्यवस्था गर्नुपर्दछ (शाही, २०६०) ।

खनाल, (२०६५) समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको आर्थिक भौतिक अवस्थाभन्दा समुदायमा हस्तान्तरण भएका विद्यालयहरुमा आर्थिक, भौतिक पक्षको व्यवस्थापन राम्रो भएको देखियो । समुदायमा हस्तान्तरण नभएका विद्यालयमा भन्दा समुदायमा हस्तान्तरण भएका विद्यालयमा आन्तरिक दक्षता राम्रो भएको देखियो । यसको कारणको रुपमा विद्यार्थीको नियमितता, परीक्षा प्रणाली, शिक्षकको नियमितता, विद्यार्थी संख्या, आफ्ना बालबच्चाको पढाइप्रति अभिभावकहरुको जागरुक्ता आदि जस्ता कारणहरु देखिए । समुदायमा हस्तान्तरण भएका विद्यालय सम्बद्ध अभिभावकहरुले विद्यालयहरुलाई आर्थिक सहयोग समेत उपलब्ध गराउने गरेको देखियो भने समय-समयमा विद्यालयमा गई आफ्नो विद्यालय र विद्यार्थीहरुको शैक्षिक अवस्था बारेमा चासो राख्ने गरेको देखियो । त्यसैले सामाजिक लेखापरीक्षणमा समुदायमा हस्तान्तरण भएका विद्यालयका अभिभावकहरु संलग्न हुने गरेको पाइयो भने हस्तान्तरण नभएका विद्यालय सम्बद्ध अभिभावकहरु संलग्न भएको देखिएन । समग्रमा समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुमा भन्दा हस्तान्तरण भएका विद्यालयहरुमा अभिभावक लगायत विद्यालय व्यवस्थापन समितिको सकृयता रहेको धारणा व्यक्त गरेका छन् (खनाल, २०६५) ।

## २.३ शैक्षिक उपादायेता

विद्यालयको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको अपरिहार्यता अध्ययनको लागि प्रयोग भएका वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानव सम्बन्ध सिद्धान्तले फरक-फरक धारणा प्रस्तुत गरे तापनि अन्ततोगत्वा उत्पादन बृद्धि गरेर संगठनलाई बलियो पार्न विशेष जोड दिएका छन् । यस प्रकार यी सिद्धान्तहरु कामदारलाईं प्रोत्साहित गरी उद्योगको उत्पादन बढाउने मान्यतामा आधारित भएता पनि शिक्षा क्षेत्रको व्यवस्थापनमा यिनको प्रयोग हुँदै आएको छ । शैक्षिक व्यवस्थापनमा प्रयोग हुँदा जुन उपलब्धीहरु शिक्षा क्षेत्रले पायो त्यसकै आधारमा मेरो अध्ययनबाट आएका प्राप्तिहरुको व्याख्या विश्लेषण गर्न उपयोगी भएको छ ।

यसैगरी अध्ययनको क्रममा प्रयोग गरीएका पूर्व साहित्यहरुले आफ्नो ठाउँको विद्यालयमा सुधार योजनाको व्यवस्थापनमा आफ्नो भूमिका के हुन सक्छ ? के-कस्ता काम हुनुपर्छ ? आफ्नो अधिकार कसरी प्रयोग गर्ने ? समुदायिक विद्यालयहरुमा व्यवस्थापन जिम्मेवारी कसरी वहन गर्ने ? शैक्षिक व्यवस्थापनमा प्रभावकारितालाई गुणस्तरीय शिक्षा कसरी प्रदान गर्न सकिन्छ ? समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयको व्यवस्थापकीय पक्षहरुलाई हेरिएको छ ।

विद्यालयको विद्यमान स्रोत र साधनको उपलब्धता, शैक्षणिक प्रकृया, व्यवस्थापकीय पक्ष र विद्यालयसँग  सम्बन्धीत विविध पक्षहरुलाई समेटी अलग-अलग क्षेत्रमा गरीएको महत्वपूर्ण अध्ययनहरुले देखाएका निस्कर्षहरु र यस अध्ययनका लागि प्राप्त भएका तथ्याङ्कहरुको विश्लेषणबाट प्राप्त प्राप्तिहरुलाई तुलना गर्दै अध्ययनकार्यलाई अगाडि बढाउन र निष्कर्षमा पुग्न सम्बन्धीत पूर्वसाहित्यहरुको अध्ययनले सहयोग पुऱ्यायो । त्यसैगरी आगामी दिनमा शिक्षासँग सम्बन्धीत कस्ता-कस्ता कार्यक्रमहरु ल्याउँदा सरोकारवालाहरु लाभान्वित हुन्छन र विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन पक्षको भूमिका बारेमा अध्ययन गर्न यस्ता पूर्वसाहित्यहरुको अध्ययन पनि औचित्यपूर्ण रहेका छन् ।

परिच्छेद : तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

समस्याको अध्ययन अनुसन्धान गर्न निश्चित विधिहरु प्रयोग गर्नुपर्ने हुन्छ । जसले कुनै पनि समस्या र विषयवस्तुको बारेमा विस्तृत जानकारी प्रदान गरी निष्कर्षमा पुग्ने मद्दत पुऱ्याउनुको साथै के-कसरी अध्ययन कार्य गरीएको छ त्यस कुरालाई प्रस्ट पार्ने कार्य गर्दछ । "अनुसन्धानका सम्पूर्ण पक्षलाई समेट्ने गरी तार्किक र स्पष्ट अर्थ दिने सबै क्षेत्रको अन्तर विरोध हटाउने र अपूर्णतालाई समेट्ने गरी अनुसन्धान ढाँचा तयार पार्नु पर्दछ" ( खनाल,(२०६४) । यो अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरीएको छ। गुणात्मक विधि भन्नाले कुनै अवस्था, घटना र समस्याहरुको व्याख्यात्मक रुपमा अध्ययन गरी सूचना र तथ्याङ्क संकलन गरीने एउटा विधि हो ।

गुणात्मक अनुसन्धान ढाँचाद्वारा विषयवस्तुलाई गहिरिएर अध्ययन गरीने साथै सम्बन्धीत व्यक्ति, अवस्था, घटनासँग प्रत्यक्ष सम्पर्क हुने र प्राप्त सूचनाले यथार्थ नतिजा ल्याउने भएकाले यो अध्ययनको निम्ति गुणात्मक ढाँचा प्रयोग गरीएको छ । यस अध्ययन कार्यलाई प्रभावकारी बनाउनका लागि वर्णनात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग गरीएको छ । वर्णनात्मक ढाँचा अन्तर्गत उत्तरदातासँग विस्तृत विवरण लिइएको छ । वस्तुस्थितिलाई गहिरिएर अवलोकन तथा अन्तरक्रियाको माध्यमबाट बुझ्ने प्रयास गरीएको छ । यसरी प्राप्त भएको तथ्याङ्कलाई वर्णनात्मक ढाँचाको प्रयोग गरी तार्किक ढंगले विश्लेषण गरीएको छ ।

## ३.२ जनसंख्या र छनौट

सर्लाही जिल्लामा रहेको ७२ वटा माध्यमिक विद्यालयहरुमध्ये यस अध्ययनका लागि यसै जिल्लाका ५ वटा माध्यमिक विद्यालयहरुलाई नमुना छनोट गरीएको थियो । यस अध्ययनमा जनसंख्या छनौट गर्दा उद्देश्यमूलक छनौटको आधारमा ५ वटा विद्यालयहरु छनौट गरीएको छ यसरी सबै माध्यमिक विद्यालयहरुका ७२ जना प्र.अ. मध्ये ५ जना प्र.अ. त्यस्तै ७२ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्ये ५ जना पदाधिकारीहरु र

अभिभावक साथै ५ वटा विद्यालयका १०४ जना शिक्षकहरु मध्ये गरी १० जना शिक्षकहरु अध्ययनका लागि छानिएका थिए । गुणात्मक अध्ययनको लागि प्रत्येक विद्यालयमा सामूहिक छलफलको आयोजना गरीएको थियो ।

### ३.३ नमुना छनौटका आधारहरु

अध्ययनले लक्षित गरेको उद्देश्यमा पुग्न सही अध्ययन क्षेत्रको छनौट हुनुपर्दछ । यसरी छनौट गर्दा अनुसन्धानकर्ताको आफ्नो पूर्व ज्ञान, अनुभव, दक्षता प्रयोग गरी अध्ययनका लागि सर्लाही जिल्लामा ५ वटा विद्यालयहरु छनौट गरीएको थियो । जुन हरिपुर स्रोत केन्द्र अन्तर्गतका ३ र ईश्वरपुर स्रोत केन्द्र अन्तर्गतका २ गरी ५ वटा विद्यालयहरु उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरी अध्ययन सम्पन्न गरीएको छ । यसरी छनौट गरीएका विद्यालयहरुको परिचयमा राखिएको छ ।

यस अध्ययनमा जनसंख्या छनौट गर्दा उद्देश्यमूलक नमुना छनौटका आधारमा प्रत्येक विद्यालयबाट ५ जना प्र.अ., ५ जना व्यवस्थापन समितिका अध्यक्षलाई नमुना छनौटको रुपमा लिइयो भने शिक्षक अभिभावक संघका सदस्य र अभिभावकको जनसंख्या छनौट गर्दा सुविधाजनक नमुना छनौट विधिका आधारमा छनौट गरीएको छ । त्यस्तै शिक्षक जनसंख्या छनौट गर्दा प्रत्येक विद्यालयमा गणित र नेपाली विषयको अध्ययन गराउने शिक्षकहरुलाई छनौट गरीएको छ ।

अध्ययनको उद्देश्य अनुसार आवश्यक नमुना छनौट गरी निष्कर्षमा पुग्न यो विधि प्रचलित रहेको तथा नमुना छनौट गर्न सजिलो भएकोले यस विधिलाई नमुना छनौटको आधार मानिएको छ । अर्कोतर्फ अनुसन्धानकर्ताको लागि छनौट गरीएका विद्यालयहरुको अध्ययनको लागि सबै पक्ष र आर्थिक, समय, श्रम आदिबाट पनि अनुकूल भएको र सर्लाही जिल्लामा यस प्रकारको अध्ययन नभएकोले पनि सर्लाही जिल्लालाई नमुना छनौटको रुपमा लिइएको छ ।

### ३.४ तथ्याङ्क संकलनका विधि तथा साधनहरु

तथ्याङ्क संकलन गर्न प्रयोग गरीएका साधनहरुमा विद्यालय अवलोकन फारम, प्र.अ., शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षक अभिभावक संघका सदस्यहरुलाई अन्तरवार्ता प्रश्नावली र समूह छलफलको लागि निर्देशिका तयार गरीएको थियो जुन परिशिष्टमा देखाइएको छ । यसरी प्रयोग गरीएका तथ्याङ्कहरु संकलनका साधनहरुलाई यहाँ निम्नानुसार वर्णन गरीएको छ ।

#### क) अन्तरवार्ता सूची

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न विभिन्न किसिमका अन्तरवार्ता प्रश्नावली तयार गरी सम्बन्धीत विद्यालयका प्र.अ., व्यवस्थापन समितिको अध्यक्ष, शिक्षक, शिक्षक अभिभावक संघका सदस्य, अभिभावकहरुलाई अलग-अलग अन्तरवार्ता लिइएको थियो । अन्तरवार्तामा मुख्य रुपले शैक्षिक विकासमा वि.व्य.स. ले के कस्तो भूमिका खेलेको छ ? विद्यालयको आर्थिक, भौतिक,शैक्षिक विकासमा प्र.अ., शिक्षक तथा अभिभावकको संलग्नता के-कस्तो रहेको छ भन्ने जस्ता शीर्षकलाई ध्यानमा राखी अनुसूचीमा भए अनुसारका प्रश्नावली तयार गरी अन्तरवार्ता लिइएको थियो ।

#### ख) अवलोकन फारम

विद्यालयहरुको शैक्षिक विकास लक्ष्य अनुरुप भए नभएको अवलोकन गरीएको थियो । जसका लागि आर्थिक, भौतिक, शैक्षिक सुधारका लक्ष्यहरुको सूची बनाई सोही अनुरुप अध्ययन गरीएको थियो । जुन अनुसूचीमा राखिएको छ ।

#### ग) समूह छलफल

अलग अलग विद्यालयका प्र.अ., वि.व्य.स.का अध्यक्षहरु, शिक्षक, शिक्षक अभिभावक संगठनका सदस्यहरुसँग छलफल गरीएको थियो । समूह छलफलमा विद्यालय र अभिभावकको सम्बन्ध, विद्यालयको विकासको लागि तर्जुमा गरीने योजनामा अभिभावकको संलग्नता, वि.व्य.स.ले गर्ने कार्य लेखा परीक्षणको सम्बन्धमा केन्द्रित थियो । यसमा छलफल गरीएका कुराहरुलाई समूह छलफल निर्देशिकाको रुपमा अनुसूचीमा राखिएको छ । त्यस्तै

समूह छलफलले अवलोकन र अन्तरवार्ताबाट प्राप्त जानकारीलाई प्रमाणीकरण गर्न थप सहयोग गऱ्यो ।

### ३.५ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलनका लागि सर्वप्रथम प्रत्येक विद्यालयका प्र.अ.र शिक्षकहरुलाई सामूहिक रुपमा अध्ययनको उद्देश्यबारे स्पष्ट पारी त्यस पश्चात प्र.अ.बाट आवश्यक अनुमति लिएर अन्तरवार्ता प्रश्नावली अनुरुप प्रश्नहरु गर्दै आएको जवाफलाई टिपोट गरीयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षक अभिभावक संघका सदस्यहरुलाई विद्यालयका प्र.अ.ले नै आवश्यक जानकारी सहित विद्यालयमा आउन सूचना गरीदिएका थिए । वि.व्य.स.का अध्यक्ष, शि.अ.सं.का सदस्यहरुलाई आवश्यक क्रमश प्रश्नहरु गर्दै आएको जवाफलाई टिपोट गरीएको थियो भने अभिभावकहरुलाई घरमै गई अन्तरवार्ता प्रश्नावली गरीयो

प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापनका अध्यक्ष, शिक्षक अभिभावक संघ सदस्यहरुसँग विद्यालय परिसरभित्रै समूह छलफल गरीएको थियो । समूह छलफलमा एकपटकमा एउटा मुद्दा तथा सवाल प्रस्तुत गरी त्यस बारे अलग-अलग सहभागिताहरुको प्रतिक्रिया र अनुभव बटुलेपछि त्यसलाई टिपोर्ट गरी अर्को सवालमा क्रमश प्रस्तुत गरी छलफल गरीयो ।

परिच्छेद : चार

# तथ्याङ्को विश्लेषण र प्रस्तुतीकरण

यस शोध अध्ययनमा विद्यालयबाट अनुसन्धान कार्यका लागि संकलन गरीएका तथ्याङ्कहरु तथा सम्बन्धीत सरोकारवालाहरुबाट लिइएका खुल्ला अन्तरवार्ता, अवलोकन फारम तथा समूह छलफलको आधारमा प्राप्त गरीएका तथ्याङ्कहरुलाई माध्यमिक विद्यालयहरुको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका भन्ने शोध अध्ययनको उद्देश्य अनुसार विभिन्न शीर्षक,उपशीर्षकमा विभाजन गरी अध्ययनले पत्ता लगाएका पक्षहरुलाई प्रस्तुतीकरण गर्दै त्यसको विश्लेषण गरीएको छ ।

## ४.१ विद्यालयमा विद्यमान स्रोत र साधनको अवस्था

विद्यालयको विद्यमान स्रोत र साधनहरुको अवस्थाका सम्बन्धमा विद्यालय अवलोकन फारमको प्रयोग गरी तथ्याङ्क संकलन गरीएको प्राप्त विवरण र अन्तरवार्ता प्रश्नावलीको माध्यमबाट उपलब्ध आर्थिक स्रोतहरुको अवस्था, विद्यालयको भौतिक अवस्था र आर्थिक तथा भौतिक अवस्थाको सुधारमा विद्यालय व्यवस्थापन समितिको भूमिकाको अध्ययन विश्लेषण गरीएको छ ।

### ४.१.१ आर्थिक स्रोतको अवस्था

नमुना छनौटमा परेका प्रायःजसो सामुदायिक विद्यालयहरुमा सरकारी अनुदान नै प्रमुख आर्थिक स्रोतको रुपमा देखिन्छ । विद्यालयमा लिईने शुल्क अर्को प्रमुख आर्थिक स्रोत हो । विद्यालयको आफ्नो जग्गा जमिनबाट आउने आम्दानी पनि तराई क्षेत्रका विद्यालयहरुमा महत्वपूर्ण मानिन्छ । यसका अलवा गा.वि.स. ले दिने अनुदान वन उपभोक्ता समितिहरुबाट आउने अनुदान तथा चन्दाहरु नै मुख्य आर्थिक स्रोत हुन् ।

अध्ययनमा परेका विद्यालयहरुको अवस्था एवम् त्यस सम्बन्धी प्रधानाध्यापक, विद्यालय व्यवस्थापनका पदाधिकारी एवम् अन्य सरोकारवालाहरुको आधारमा विद्यालयहरुको आर्थिक स्थितिलाई हेर्दा अध्ययनमा रहेका ५ वटा विद्यालयहरुमा ठुलो असमानता रहेको देखिन्छ । श्री जनज्योति उ.मा.वि. लालबन्दी र श्री नारायण उ.मा.वि. ईश्वरपुर जस्ता विद्यालय आर्थिक रुपले सम्पन्न देखिन्छन् । यी विद्यालयहरु बजार क्षेत्रमा पर्छन् । यिनीहरुका जग्गा जमिन बाजारमा पर्ने र ठेक्काबाट बढी आम्दानी हुने गरेको पाइएको छ । सञ्चालनको लागि सरकारी तवरबाट शिक्षक पनि आवश्यक्ता अनुसार पर्याप्त दिइएको हुँदा यी दुई विद्यालयहरुमा विद्यालय सञ्चालनको लागि आर्थिक स्थितिले कुनै किसिमको समस्या नपर्ने देखिएको छ ।

श्री शिशु कल्याण जनता उ.मा.वि. हरिभवन, करहिया, श्री नारायण जनता उ.मा.वि.जियाजोर, श्री फौद सिंह जनता उ.मा.वि. रानिगंज जस्ता विद्यालयहरुको आर्थिक स्थिति ज्यादै कमजोर देखिन्छ । सम्पन्न विद्यालयहरुमा सरकारी अनुदानका शिक्षक कोटाहरु कम भएको हुँदा झन ठूलो आर्थिक संकट बेहोर्नु पर्ने देखिन्छ । विद्यालय सञ्चालन गर्न कठिन हुने हुँदा थप आय स्रोतका लागि महँगो शुल्क लिने गरेको पाइयो । सरकारी नीति अनुसार विद्यालय तहको शिक्षा निशुल्क भनिए तापनि यी विद्यालयहरुमा माध्यमिक तह सञ्चालनमा सरकारी तवरबाट न्यून शिक्षक कोटा (१-२) जना दिएको हुँदा विद्यालय सञ्चालनको लागि विद्यार्थी शुल्क अनिवार्यता देखिएको छ । शिक्षक दरबन्दी कम रहेको साथै विद्यालयको आफ्नो स्थानीय सम्पति तथा आम्दानीको स्रोत कम भएको विद्यालयहरुले थप आर्थिक स्रोतका लागि गा.वि.स., बन उपभोक्ता समिति जस्ता स्थानीय निकायबाट पनि सहयोग लिने गरेको पाइयो । त्यस्तै भौतिक पूर्वाधारका लागि आर्थिक पक्ष त्यति बलियो नभएको हुँदा चन्दा पनि बैकल्पिक सहयोगको रुपमा लिने गरेको पाइयो ।

समग्रमा प्राप्त तथ्याङ्कलाई हेर्दा श्री जनज्योति उ.मा.वि. र श्री नारायण उ.मा.वि. हरु आर्थिक रुपमा सबल रहेको र श्री शिशु कल्याण उ.मा.वि. र श्री फौद सिंह उ.मा.वि. जस्ता विद्यालय कमजोर रहेका विद्यालयहरुमा आन्तरिक आम्दानी पनि कम रहेको र मा.वि. तह सञ्चालनका लागि शिक्षक कोटाको पनि अप्रयाप्तताको कारण निजीस्रोतबाट थप शिक्षकको व्यवस्था गर्नुपर्ने हुँदा आर्थिक अवस्था झन् कमजोर रहेको पाइएको छ, भने

वैज्ञानिक व्यवस्थापन सिद्धान्तलाई विद्यालयमा उपलब्ध स्रोत र मानव संसाधनलाई उपयोग गरी प्रयोग गर्न सकिन्छ । यसरी यहाँ भएका जति पनि विद्यमान स्रोतहरु पनि मानव संसाधनलाई उपयोग हुने गरी भने भै त्यहाँका जे-जस्तो अवस्था छ त्यही प्रयोग गरेको पाइयो ।

### ४.१.२ विद्यालयको भौतिक अवस्था

शैक्षिक विकासमा भौतिक अवस्थाले पनि प्रभाव पारिरहेको हुन्छ । विद्यालयमा उपलब्ध भौतिक साधनको स्थितिको बारेमा प्रत्यक्ष अवलोकनद्वारा अनुसूचीमा उल्लेख भए अनुसारको अवलोकन फारमको प्रयोग गरी तथ्याङ्क संङ्कलन गरीएको थियो । त्यसकै आधारमा यहाँ विश्लेषण गरीएको छ । यस अन्तर्गत विद्यालय, भवन, कक्षा- कोठा, खेल-मैदान, खेल-सामग्री, खानेपानी, शौचालय, पुस्तकालय, प्रयोगशाला, शैक्षिक सामग्री र फर्निचरको अध्ययनको विश्लेषण गरीएको छ । जुन निम्न अनुसार छन् :

### क. विद्यालय भवन र कक्षाकोठा

नमुना छनौटमा परेका विद्यालयमा विद्यार्थी अनुसारको भवन र कक्षाकोठा श्री जनज्योति उ.मा.वि. लालबन्दी र श्री नारायण उ.मा.वि. ईश्वरपुरमा पर्याप्त देखिन्छ । यस विद्यालयहरुमा कक्षा सञ्चालनका लागि पक्की भवनका कक्षाकोठाहरु नै प्रयाप्त देखिन्छ । यी विद्यालयहरुमा गुणस्तरीय शिक्षाका लागि प्रत्येक कक्षाकोठामा ४० जना भन्दा बढी विद्यार्थी रहनु हुँदैन भन्ने मापदण्ड अनुसार कक्षा संञ्चालनमा कक्षा विभाजन गरी संञ्चालन गरीएको छ । यी विद्यालयका बाँकी कच्ची कक्षाकोठाहरु परीक्षा संञ्चालन, अतिरिक्त क्रियाकलाप स्टोर-रुमको रुपमा प्रयोग गरेको पाइयो । त्यस्तै श्री शिशु कल्याण जनता उ.मा.वि., श्री नारायण जनता उ.मा.वि. र श्री फौद सिंह उ.मा.वि. मा भने मा.वि. तह सम्म कक्षा संञ्चालन गर्न ११ वटा कक्षा कोठामा अध्यापन गराईन्छ । यी विद्यालयहरुमा कक्षा कोठामा प्रशस्त विद्यार्थी संख्यामा अध्यापन गर्नुपर्ने देखिन्छ । यी विद्यालयमा सरकारी मापदण्ड अनुसार ४० भन्दा बढी विद्यार्थी रहनु हुँदैन र एउटा कक्षा कोठामा ४० जना भन्दा बढी विद्यार्थी भएमा बढी विद्यार्थीको उचित प्रबन्धको लागि विद्यालय व्यवस्थापन समितिले व्यवस्था गर्नु पर्नेमा त्यस्तो गरीएको पाइँदैन । सबै विद्यालयका कक्षा कोठाहरु प्रशस्त प्रकाश भएको दोहरो हावा प्रवाहित हुने किसिमका छन् ।

**ख. खेलमैदान र खेलसामग्री**

विद्यालयको शैक्षिक विकासको लागि पढाईको साथ-साथै मनोरञ्जनका लागि खेलकूद तथा खेलसामग्रीको आवश्यक्ता पर्दछ । यहाँ सबै जसो विद्यालयहरुमा खेल मैदान रहेको पाइयो साना खेलमैदान भएका विद्यालयहरुले समुदायका खेलमैदान प्रयोग गर्ने गरेका छन् । खेलसामाग्रीहरुको अवस्था सामान्य देखिन्छ । श्री जनज्योती उ.मा.वि. तथा श्री नारायण उ.मा.वि. मा अन्य विद्यालयको तुलनामा फूटबल, भलिबल, ब्याडमिन्टन रिङ्ग, डोरी, क्रिकेट बल, ब्याट आदि सामग्री केही बढी देखिन्छ । तापनि विद्यार्थी संख्याको तुलनामा ती सामग्री पर्याप्त छैनन् ।

**ग. खानेपानी**

मानव स्वास्थ्यको लागि स्वस्थकर पिउने पानी सबैभन्दा महत्वपूर्ण हुन्छ । विद्यार्थीहरु ६ घण्टा विद्यालयमा रहने हुँदा उनीहरुलाई शुद्ध पिउने पानीको व्यवस्था गर्नु अति आवश्यक देखिन्छ । अध्ययन गरीएका विद्यालयहरुमा अवलोकन गर्दा श्री जनज्योति उ.मा.वि. मा ७ वटा खानेपानीको ट्यूबेल र श्री नारायण उ.मा.वि. मा ५ वटा खानेपानीको ट्यूबेल रहेको पाइयो । यो विद्यार्थी अनुपातमा ट्यूबेलको संख्या कम जस्तो देखिए तापनि तराईको विद्यालयहरुमा यसलाई पर्याप्त मान्न सकिन्छ । त्यस्तै श्री शिशु कल्याण जनता उ.मा.वि. र श्री फौद सिंह उ.मा.वि. मा १-१ वटा ट्यूबेल रहेको पाइयो । यो विद्यार्थी अनुपातमा ट्यूबेलको संख्या न्यून देखिन्छ । त्यस्तै श्री नारायण उ.मा.वि. मा खानेपानीको सुविधा छैन । त्यस विद्यालयका विद्यार्थीहरु नजिकैको गाउँमा गएर पानी पिउने गरेको पाइयो ।

समग्रमा २ वटा विद्यालयमा खानेपानीको सुविधा देखिए तापनि अन्य विद्यालयमा ट्यूबेल संख्या कम तथा नभएको अवस्थामा पाइयो । विद्यार्थीहरु खानेपानीको खोजीमा हिँड्दा अध्ययन छुट्ने तथा शैक्षिक क्रियाकलापमा प्रभाव परेको पाइयो ।

**घ. शौचालय**

विद्यालयको भौतिक विकासमा शिक्षक विद्यार्थी दुवैका लागि शौचालय आवश्यक देखिन्छ । यसको अभावमा विद्यालयमा शिक्षा ऐनमा व्यवस्था भए बमोजिम शौचालयको

प्रबन्ध र त्यसको सरसफाई हुनुपर्दछ । अध्ययन गरीएका विद्यालय मध्ये श्री जन ज्योति उ.मा.वि. र श्री नारायण उ.मा.वि. मा विद्यार्थी संख्याको आधारमा पर्याप्त शौचालयको व्यवस्था भएको पाइयो । यहाँ छात्र-छात्रा, शिक्षक-शिक्षिकाहरुका लागि छुट्टाछुट्टै व्यवस्था गरेको पाइयो । श्री फौद सिंह उ.मा.वि. मा शौचालय रहेको हुँदा सामान्य मानिन्छ भने श्री शिशु कल्याण जनता उ.मा.वि. र श्री नारायण जनता उ.मा.वि. मा ३-३ वटा मात्र शौचालय रहेको छ । यो विद्यार्थी संख्या अनुसार न्यून रहेको हुँदा यहाँ विद्यार्थीहरु शौचालयको अभावमा वरपर जाने हुँदा सरसफाईमा  कमी पाइयो ।

### ङ. पुस्तकालय

सबै विद्यालयहरुमा विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुबाट उपलब्ध पुस्तकहरुबाट पुस्तकालय स्थापना गरेको पाइयो तर यसमध्ये श्री जनज्योति उ.मा.वि. मा विद्यार्थीहरुले नियमित पढ्न पाउने गरी पुस्तकालय र वाचनालय रहेको छ भने अन्य ४ वटा विद्यालयहरुमा अफिस कोठाको एउटा दराजमा पुस्तक संकलन गरेर राखेको र विद्यार्थीहरुले आंशिक रुपमा पुस्तकालयको सुविधा पाएका छन ।

### च. प्रयोगशाला

विद्यालयमा विज्ञान र गणित जस्ता प्रयोगात्मक विषयहरुको लागि सैद्धान्तिक शिक्षाले मात्र नपुग्ने हुँदा प्रयोगात्मक कक्षा संञ्चालनको लागि प्रयोगशालाको आवश्यक्ता पर्दछ । छनौटमा परेका विद्यालयहरुको अवलोकन गर्दा श्री जनज्योति उ.मा.वि.मा र श्री नारायण उ.मा.वि. मा विज्ञान विषयका लागि विज्ञान प्रयोगशाला भएको पाइयो । अन्य विद्यालयहरुमा भने प्रयोगशाला कक्षा भेटिएन ।

### छ. शैक्षिक सामग्री

विद्यालयहरुमा पाठ्यपुस्तकका साथै विद्यार्थीहरुको  उमेर सुहाउदो र पाठ्यक्रम्मा उल्लेख भएका सिकाइ उपलब्धी हासिल गर्न सहयोग पुऱ्याउने खालका सान्दर्भिक शैक्षिक सामग्रीहरु हुनुपर्दछ । तर अध्ययनमा परेका विद्यालयहरुमा शैक्षिक सामग्रीहरु सामान्य रुपमा केही-केही मात्र रहेको पाइयो ।

**ज. फर्निचर**

प्रत्येक कक्षामा विद्यार्थीको उमेर र उचाइ अनुसारको फर्निचरको व्यवस्था हुनुपर्दछ । यसरी उमेर अनुसारको डेस्क, बेन्च यहाँ पाइँदैन विद्यार्थी संख्या अनुसार फर्निचरको अवस्था हेर्दा श्री शिशु कल्याण जनता उ.मा.वि. मा विद्यार्थीहरुलाई बस्नको लागि डेक्स-बेन्चको अवस्था अपुग देखियो जसमा साना कक्षाका विद्यार्थीहरुलाई गुन्द्री, बोराको प्रयोग गरी राखिएको र माथिल्लो कक्षाका विद्यार्थीहरु खाँदा-खाँद गरी बसेको अवस्थामा पाइयो । बाँकी अन्य चार वटा विद्यालयहरुमा भने विद्यार्थी संख्या अनुसार डेस्क, बेन्च पर्याप्त भएको पाइयो । डेस्क, बेन्चको अवस्था हेर्दा लामालामा ५-६ जना विद्यार्थी बस्न मिल्ने र ओसार-पसार गर्न कठिन हुने खालको पाइयो । जुन कक्षाकोठा व्यवस्थापनका लागि उपयुक्त मानिदैन ।

समग्रमा विद्यालयहरुको भौतिक व्यवस्थापन श्री जनज्योति उ.मा.वि. र श्री नारायण उ.मा.वि. मा भने राम्रै भएको पाइयो भने बाँकी विद्यालयहरुमा भौतिक पक्षमा सुधार गर्नु पर्ने देखिन्छ । भने बैज्ञानिक व्यवस्थापनको सिद्धान्तले विद्यालयको भौतिक व्यवस्थापन, शिक्षण प्रभावकारिता र शैक्षिक गुणस्तर वृद्धिको लागि उपयोग हुन्छ भन्दछ । यसरी वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले भने बमोजिम विद्यालयहरुको भौतिक व्यवस्थापन राम्रो भएको हुँदा शिक्षण प्रभावकारिता र शैक्षिक गुणस्तरमा सुधार भएको पाइयो । त्यसैगरी साहित्यको पुनरावलोकनमा भौतिक व्यवस्थापनमा समुदाय खासै सक्रिय हुन नसकेको देखिएको छ भने यो अध्ययनमा, भएका भौतिक साधनहरुलाई व्यवस्थित सुधार गरीएको पाइन्छ ।

### ४.१.३ आर्थिक तथा भौतिक अवस्थाको सुधारमा विद्यालय व्यवस्थापन समितिको भूमिका

यस अध्ययनमा समावेश भएका विद्यालयहरुको अवलोकन, भ्रमण तथा विद्यालय व्यवस्थापन समिति, प्र.अ., अभिभावक लगायतका व्यक्तिहरुबाट लिइएको अन्तरवार्ताको आधारमा विद्यालयको आर्थिक तथा भौतिक अवस्था सुधारमा विद्यालय व्यवथापन समितिको सक्रिय भूमिका रहेको पाइयो । आर्थिक स्रोत कम रहेका विद्यालयहरुले स्रोत वृद्धिका लागि विभिन्न निकायहरुमा पहल गरी स्रोत जुटाउने गरेको देखिन्छ भने आर्थिक स्रोत तुलनात्मक रुपमा बढी देखिएका विद्यालयहरु आफ्नो स्रोत र साधनलाई थप मर्मत सम्भार गरी स्थायी सटरहरु स्थापना गरी आयश्रोतमा वृद्धि गराउन पहल सुरु गरेको पाइन्छ ।

अध्ययन क्षेत्रमा नमुना छनौटबाट परेका विद्यालयहरु मध्ये कमजोर आर्थिक स्थिति रहेको विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्र.अ., शिक्षक, अभिभावक लगायत अन्य सरोकारवालाको आर्थिक श्रोत जुटाउनका लागि फौद सिंह उ.मा.वि. ले भारतीय राजदुतावासबाट रकम प्राप्त गरी भवन निर्माण गरीसकेको साथै सो भवनमा उच्च मा. वि. सञ्चालन गरेको पाइयो । त्यस्तै श्री शिशु कल्याण जनता उ.मा.वि.मा पनि निजी श्रोतका शिक्षहरुको व्यवस्था मिलाउन अपुग भवन निर्माण र जीर्णअवस्थामा रहेका भवनहरुको मर्मतसम्भारको लागि तथा थप फर्निचर बनाउनको लागि गा.वि.स. अनुदान, चन्दा संङ्कलनको लागि घरदैलो अभियान गरेको पाइयो । आर्थिक पक्ष कमजोर रहेको हुँदा भौतिक व्यवथापनको लागि अपुग रकम सांसदहरुको कोष मार्फत प्रस्ताव राख्दा स्वीकृत भई आएको रकमले मा.वि. सञ्चालनमा सहयोग र उ.मा.वि. को आर्थिक स्थिति कमजोर रहेको हुँदा त्यहाँका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, प्र.अ., शिक्षक, अभिभावक लगायत अन्य सरोकारवालाहरुले सक्रिय रुपमा पहल गरी थप आर्थिक सहयोगको लागि गा.वि.स. अनुदान, तथा स्थानीय खोलाको बालुवा, ढुङ्गा, निकासिबाट आएको रकम विद्यालयको आर्थिक स्रोतको रुपमा जुटाउने कार्य गरेको पाइयो ।

तुलनात्मक रुपमा सबल रहेका श्री जनज्योति उ.मा.वि. र श्री नारायण उ.मा.वि. पनि भइरहेको आर्थिक भौतिक अवस्थालाई सुधार गर्न पहल भएको पाइन्छ । यी विद्यालयका आन्तरिक रुपमा रहेको प्रमुख आम्दानीको स्रोत बजार रहेको पाइन्छ । यसमा भएका घर टहरा हरुलाई भत्काइ स्थानीय सटरहरुको स्थापना गरी आयस्रोतमा वृद्धि गराउन पहल शुरु गरेका छन् ।

विद्यालयका आर्थिक स्रोत तथा भौतिक अवस्थालाई सुधार गर्न विद्यालय व्यवस्थापन समिति, प्र.अ., शिक्षक, अभिभावक लगायत अन्य सरोकारवालाहरु मिलेर पहल गरीएको पाइन्छ । यहाँ विद्यालय व्यवस्थापनमा हरेक सवालमा राम्रो र आपसी सम्बन्ध कायम गर्न मानव सम्बन्ध सिद्धान्तले महत्वपूर्ण भूमिका खेलेको छ । विद्यालयमा विभिन्न स्रोतबाट जुटाईएका रकमहरु विद्यालय व्यवस्थापन समितिले केही निजी स्रोतका शिक्षकहरुको लागि खर्च गर्छ भने बाँकी प्रायः सबै आर्थिक स्रोतहरु विद्यालयको भवन, फर्निचर लगायतका

भौतिक पूर्वाधार वृद्धिमै खर्च गर्ने गरेको पाइन्छ  र यसरी भौतिक साधनको विकास गर्नमा विद्यालयका विद्यालय व्यवस्थापन समितिहरु मुख्य रुपले बढी क्रियाशील भएको पाइन्छ ।

## ४.२ विद्यालयको शैक्षणिक प्रक्रियाको अवस्था

विद्यालयको शैक्षणिक प्रक्रियाको अवस्था नै शिक्षण सिकाइ प्रक्रिया हो भने शिक्षण सिकाइ पछि तोकिएका उद्देश्यहरु विद्यार्थीले कति हाँसिल गर्न सके भन्ने कुराको लेखाजोखा गर्नु नै मूल्याङ्कन हो । त्यसैले शिक्षण सिकाइ र मूल्याङ्कन बिचको अन्तरसम्बन्ध ज्यादै महत्वपूर्ण छ । भनिन्छ मूल्याङ्कन बिना शिक्षण अधुरो हुन्छ । त्यस्तै अध्ययन गर्ने क्रममा परेका विद्यालयहरुको शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रियाको विश्लेषण विभिन्न व्यक्ति, प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक आदिको अन्तरवार्ताको आधारमा शिक्षण सिकाइ प्रक्रिया, मूल्याङ्कन प्रक्रियाको अवस्था, शिक्षक स्रोतको अवस्था, विद्यालयको एस.एल.सी. उत्तीर्णदरको विश्लेषण गरीएको छ ।

### ४.२.१ शिक्षण सिकाइ व्यवस्थापनको अवस्था

शैक्षणिक प्रक्रिया सिकाइ प्रक्रिया एउटा व्यवस्थित कार्य भएकोले यसमा विभिन्न पक्षको समावेश हुनुपर्दछ । जसमा शिक्षकको महत्वपूर्ण भूमिका रहेको हुन्छ भने यसलाई व्यवस्थित ढंगले व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समिति लगायत अभिभावकको पनि उतिकै दायित्व रहेको हुन्छ । शिक्षण सिकाइ प्रक्रियालाई व्यवस्थापन गर्न शैक्षिक पूर्वाधारको निर्माण गरी विद्यालय व्यवस्थापन समितिले आवश्यक वातावरण मिलाई दिनु पर्दछ । यसरी आवश्यक वातावरणको व्यवस्थापन गरेमा सिकाइलाई आफ्नै योजना मार्फत सिकारुलाई सहजीकरण गर्न सकिन्छ ।

विद्यालयको शिक्षण सिकाइको व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिले के-कस्ता पहल गरेको छ भन्ने सम्बन्धमा प्र.अ. को धारणालाई हेर्दा शिक्षण सिकाइका लागि आर्थिक, भौतिक, सामाजिक तथा शैक्षिक पूर्वाधारहरु निर्माण गरी उपयुक्त किसिमको वातावरणको सृजना गरेको छ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुले अभिभावकका प्रतिनिधि भएको हुँदा अभिभावकले गर्ने कार्य र विद्यालय व्यवस्थापन समितिले गर्ने व्यवस्थापन दुबै गर्नु पर्दछ । यसमा सहभागी विद्यार्थीको शिक्षण सिकाइको

उपलब्धीमा प्रभावकारी बनाउन विद्यालय व्यवस्थापन समिति प्र.अ., शिक्षक र अभिभावकका बिचमा अधिक रुपमा समन्वय गराउन पहल गर्नुपर्दछ भन्ने धारणा व्यक्त गरेका थिए ।

नमुना छनौटमा परेका विद्यालयहरु मध्ये श्री जन ज्योति उ.मा.वि. का विद्यालय व्यवस्थापन समितिका अध्यक्षको बिचारमा शिक्षण सिकाइ प्रक्रियामा तहगत, विषयगत शिक्षकहरुलाई कार्य बिभाजनको आधारमा परिचालन गरीएको छ । उनीहरुले शिक्षण सिकाइ गरेको अवस्थामा कहिलेकाहीं कक्षा अवलोकन पनि गर्ने गरीएको बताउनु हुन्छ । त्यही सिकाइ प्रक्रियाको आधारमा स्तरीकृत गरी पुरस्कृत पनि गर्ने गरीएको छ । यस विद्यालयमा शिक्षकको अनुगमन तथा मूल्याङ्कन सिकाइ प्रक्रियाकै आधारमा गर्ने गरीएको छ । सिकाइ प्रक्रिया विद्यालयमा शिक्षकले सहयोग गर्दछ । भौतिक तथा शैक्षिक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिले सहयोग गर्दछ भने विद्यालय बाहिर घरमा समेत अभिभावकले पर्याप्त सहयोग गर्नुपर्ने देखिन्छ ।

सिकाइ प्रक्रियामा अभिभावकले विद्यालय बाहिरको समयमा बालबालिकाको गृहकार्य सुपरिवेक्षण गर्ने, पढाइ प्रति चासो देखाउने, विषय शिक्षकसँग थप पृष्ठपोषणका लागि भेटघाट गर्नुपर्ने देखिन्छ । यस्ता किसिमका प्रयासहरु अभिभावकले गरेमा शिक्षण सिकाइ प्रक्रियामा देखिएका कमीकमजोरीहरुलाई निराकरण गर्न सकिन्छ ।

विद्यालयको शैक्षणिक प्रक्रिया अन्तर्गत शिक्षण सिकाइ प्रक्रिया तल्लो तहका लागि कक्षा शिक्षण विधि अपनाउने गरीएको छ । भने मा.वि. तहमा शिक्षक केन्द्रित विधि र कहिलेकाँही समूह छलफल विधिबाट पनि शिक्षण सिकाइ गर्ने गरेको पाइयो । तहगत तथा विषयगत शिक्षकहरुलाई कार्य विभाजनका आधारमा परिचालन गर्ने गरेको पाइयो । यसरी शिक्षण सिकाइ प्रक्रियामा मानवीय सम्बन्धको सिद्धान्त अनुसार आपसी सम्बन्ध कायम गरी आ-आफ्नो ठाउँबाट कार्य गरी शिक्षण सिकाइ प्रक्रियामा देखिएको कमीकमजोरीहरुलाई निराकरण गर्ने गरेको पाइयो ।

### ४.२.२ मूल्याङ्कन प्रक्रियाको अवस्था

विद्यार्थी शिक्षण सिकाइमा के-कस्तो सुधार भयो भनेर गरीने क्रियाकलाप नै मूल्याङ्कन हो । शिक्षण क्रियाकलापलाई समय-समयमा मूल्याङ्कन गरी सुधार गरीन्छ । शैक्षिक उपलब्धी लेखाजोखा गर्नको लागि मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्दछ । यस अध्ययनमा समावेश भएका विद्यालयहरुको अवलोकन, भ्रमण तथा विद्यालय व्यवस्थापन समिति, प्र.अ., शिक्षक, अभिभावक लगायतका व्यक्तिहरुबाट लिइएको अन्तरवार्ताको आधारमा विद्यालयमा मूल्याङ्कन प्रक्रियाको अवस्थालाई परीक्षा प्रणालीको रुपमा हेर्ने गरेको पाइन्छ ।

अध्ययनमा परेका श्री जन ज्योति उ.मा.वि. का प्र.अ.का अन्तरवार्ताका अनुसार त्यस विद्यालयमा निर्माणात्मक र निर्णयात्मक दुई किसिमको मूल्याङ्कन प्रक्रिया अपनाउने गरीएको छ निर्माणात्मक मूल्याङ्कन अन्तर्गत कक्षाकार्य, गृहकार्य, त्रैमासिक परीक्षा र अर्धवार्षिक परीक्षा पर्दछ यसको आधारमा पनि विद्यार्थीहरुको मूल्याङ्कन गर्न सकिने बताए । गृहकार्य र कक्षाकार्यले विद्यार्थीहरुलाई पढ्न सक्रिय बनाउने त्रैमासिक, अर्धवार्षिक परीक्षाको नतिजाको आधारमा कमजोर विद्यार्थीहरुलाई थप उपचारात्मक व्यवस्था गरेको बताउनु हुन्छ । यसरी अगाडि गरीएका मूल्याङ्कनहरुले वार्षिक परीक्षाको लागि विद्यार्थी सक्रिय रहेको र शैक्षिक विकासमा अगाडि रहेको देखियो ।

त्यस्तै श्री शिशु कल्याण जनता उ.मा.वि.का विद्यालय व्यवस्थापन समितिका अध्यक्षका अनुसार निर्माणात्मक र निर्णयात्मक दुबै किसिमको मूल्याङ्कन गर्ने गराइएको छ । यहाँ विद्यालयमा विषयगत शिक्षकहरुले आ-आफ्नो कक्षामै परीक्षण लिने गरेका छन् । यसरी आफ्नो विषयमा शिक्षकहरुले कक्षाकार्य, गृहकार्य गर्न गराउने र त्यसलाई राम्रोसँग मूल्याङ्कन गरेर कमजोर विद्यार्थीहरुलाई थप पृष्ठपोषण दिई अर्को परीक्षामा सहभागी गराउने हुँदा शिक्षण सिकाइमा सुधार हुन्छ भन्ने भनाइ पाइयो । यस विद्यालयमा विषयगत रुपमा शिक्षकहरुलाई शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियाको लागि जिम्मा दिएको हुँदा उनीहरु आफ्नो कामप्रति जिम्मेवार भएको बताउनुहुन्छ ।

श्री नारायण जनता उ.मा.वि. मा मूल्याङ्कनलाई परीक्षा प्रणलीको रुपमा लिइएको पाइयो निर्माणात्मक मूल्याङ्कन सम्बन्धी छुट्टै कार्यतालिका देखिएन । विद्यालयको आवश्यक्ता

हेरी कक्षामा जाँच लिने गरेको भन्ने भनाइ शिक्षकहरुको रह्यो यहाँ त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षा मुख्य मूल्याङ्कन प्रक्रियाको रुपमा रहेको पाइयो ।

श्री फौद सिँह उ.मा.वि.मा निर्माणात्मक मूल्याङ्कनका लागि आन्तरिक परीक्षाहरु सञ्चालन गर्ने गरेको पाइएन । यसले त्रैमासिक, अर्धवार्षिक, बार्षिक परीक्षा मात्र सञ्चालन गरेको पाइयो । यस सम्बन्धमा प्र.अ. संग सम्पर्क गर्दा उनले आन्तरिक मूल्याङ्कन प्रक्रियाका लागि विद्यालय व्यवस्थापन समितिले खासै सक्रिय रुपमा काम गरेको पाइएन ।

त्यस्तै श्री नारायण उ.मा.वि. मा मूल्याङ्कन प्रक्रियाको लागि निर्माणात्मक र निर्णयात्मक दुबै खाले मूल्याङ्कन गरीएको पाइन्छ । धेरै संख्यामा विद्यार्थी रहेको हुँदा कक्षाकार्य र गृहकार्यबाट मूल्याङ्कन गर्ने समस्या हुन्छ । तापनि जे-जस्तो समस्या भएपनि केही मात्रामा गर्ने गरेको पाइन्छ यहाँ हरेक विषयका शिक्षकहरु आ-आफ्नो विषयमा आवश्यक्ता अनुसार कक्षा परीक्षण लिने गरेको पाइन्छ । यसरी गरीएको कक्षा परीक्षणको आधारमा गरीएको मूल्याङ्कन अनुसार कमजोर विद्यार्थीहरुलाई पृष्ठपोषण दिने गरेको पाइन्छ ।

समग्रमा निर्माणात्मक मूल्याङ्कन प्रक्रियाको लागि कक्षाकार्य, गृहकार्य, कक्षा अवलोकन त्रैमासिक र अर्धबार्षिक परीक्षा लिएको पाइन्छ । यसबाट विद्यार्थीहरु कमजोर रहेको अवस्थामा थप पृष्ठपोषण दिई शिक्षण प्रक्रियामा सुधार गरी बार्षिक परीक्षामा सहभागि गराई कक्षाको अन्तिम मूल्याङ्कन गर्ने गरेको पाइन्छ । यसमा शिक्षण सिकाइ प्रक्रियामा के-कस्तो शैक्षिक गुणस्तरको विकास भएको छ, त्यही अनुपातमा मूल्याङ्कनको परिणाम आएको पाइयो । शैक्षिक विकासको मापनको प्रमुख तत्व मूल्याङ्कन भएको हुँदा यसमा विद्यालय व्यवस्थापन समिति लगायत अन्य प्र.अ. शिक्षक, अभिभावकहरुले पनि यसमा चासो राखेको पाइयो ।

### ४.२.३ शिक्षक स्रोतको अवस्था

शैक्षिक विकासको लागि शिक्षकको महत्वपूर्ण भूमिका हुन्छ । शैक्षणिक प्रक्रियाको सिकाइ प्रक्रिया नै विद्यालय सञ्चालनको लागि तथा शैक्षिक विकासको आधार हो ।

सामुदायिक विद्यालयहरुमा प्रायः शिक्षक स्रोतको अवस्थालाई हेर्दा श्री जनज्योति उ.मा.वि. मा २६ जना शिक्षकहरु परिचालन भएको पाइन्छ । यसमा १ जना बाल कोटाको शिक्षक बाहेक २५ जना तालिम प्राप्त भएको र मा.वि. तहका शिक्षक दरबन्दी गरी ८ जना रहेको हुँदा यहाँ शिक्षक पर्याप्त नै मान्न सकिन्छ । त्यसैले शिक्षण सिकाइ प्रक्रिया राम्रै मान्न सकिन्छ । शिशु कल्याण जनता उ.मा.वि. मा १९ जना शिक्षकहरु मध्ये १४ जना शिक्षकहरु तलिम प्राप्त छन् । यहाँ मा.वि. तहका शिक्षक दरबन्दी ३ जना मात्र रहेको हुँदा तल्लो तहका लागि रहेका शिक्षहरुलाई थप सुविधा दिई माथिल्लो तहमा परिचालन गरेको पाइन्छ । यसरी आयस्रोत कम रहेका विद्यालयहरुमा मा.वि. शिक्षक दरबन्दी पनि कम रहेको हुँदा थप शिक्षक तल्लो तहका शिक्षकहरु र निजी स्रोतका कम तलबमा योग्यता पनि कम रहेका शिक्षकहरुले माथिल्लो कक्षामा अध्यापन गर्दा शिक्षण सिकाइमा गुणस्तर वृद्धि गर्न सकिएको छैन । त्यस्तै नारायण उ.मा.वि. मा २५ शिक्षकहरु मध्ये २४ जना तालिम प्राप्त छन् । यस विद्यालयमा सरकारी अनुदानमा पनि ६ वटा मा.वि. दरबन्दी रहेको र विद्यालयको आयस्रोत पनि राम्रो रहेको हुँदा शैक्षिक सुधारका निमित्त थप शिक्षक परिचालन गरेको पाइयो ।

अन्तरवार्ताका क्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्षका अनुसार माध्यमिक विद्यालय तह सञ्चालनमा सरकारी अनुदान अनुसार शिक्षक दरबन्दी कम पुगेको शिक्षकहरुलाई थप सुविधा दिएर मा.वि. तहमा अध्ययन गर्न लगाउने गरेको बताए । आर्थिक स्रोत पनि कम रहेको विद्यालय भएकोले निजी स्रोतका शिक्षकहरु राखिएको छ तर पर्याप्त रुपमा उच्च शिक्षा हासिल गरेका शिक्षकहरुलाई राख्न नसकिएको बताए । जे-जस्तो रुपले राखिएको भए पनि शिक्षकहरुले शिक्षण सिकाइ प्रक्रिया राम्रैसँग गरेको पाइयो । अध्ययनमा रहेका सबै विद्यालयहरुमा सरकारी नीति अनुसार हरेक विद्यालयमा १ बालकोटाका शिक्षक दिइने हुँदा तालिम प्राप्त शिक्षक रहेको देखियो । बाँकी ३ विद्यालयहरुमा पनि १-२ जना भन्दा बाहेक सबै तालिम प्राप्त छन् । यहाँ तालिम प्राप्त शिक्षक भन्नाले सरकारबाट दिइएको तालिम अर्थात शिक्षा विषय लिई पढेका र अध्यापन अनुमति-पत्र लिएका शिक्षकलाई बुझिन्छ । तर तालिम प्राप्त शिक्षकहरुले पनि कक्षाकोठामा तालिममा सिकेका कुराहरुलाई खासै प्रयोग गरेर पढाएको पाइँदैन । जनज्योति उ.मा.वि.र नारायण उ.मा.वि. मा शिक्षक संख्या उल्लेखनीय रुपमा रहेको र मा.वि. तहका शिक्षकहरु अर्थात उच्च तह अध्ययन गरेका शिक्षकहरु रहेको हुँदा शैक्षिक सुधारमा कुनै असहजता


देखिँदैन । त्यस्तै शिशु कल्याण उ.मा.वि. र फौद सिंह उ.मा.वि. नारायण जनता उ.मा.वि. जस्ता कम आयस्रोत भएका विद्यालयहरुमा सरकारी तवरबाट शिक्षक दरबन्दी अनुदान पनि कम र कम आयस्रोत भएका कारण प्रशस्त शिक्षकहरु पनि राख्न गाह्रो पर्ने हुँदा यहाँ शिक्षक संख्या कम देखिन्छ । शैक्षणिक प्रक्रियामा शिक्षण सिकाइ प्रक्रियाका लागि शिक्षक स्रोतको पर्याप्तता पनि महत्वपूर्ण मानिन्छ ।

### ४.२.४ विद्यालयको एस.एल.सी. उत्तीर्ण दर

विद्यालयको शैक्षिक उत्पादनको मुख्य सुचाङ्क एस.एल.सी उत्तीर्णदर हो । विद्यालयको सम्पूर्ण लगानी र शैक्षिक प्रक्रियाको प्रतिफल नै एस.एल.सी उत्तीर्ण हुने विद्यार्थीहरु हुन् । विद्यालय तह सम्मको शैक्षिक प्रणालीको (लगानी-प्रक्रिया-उत्पादन) मुख्य उत्पादन एस.एल.सी. उत्तीर्ण हुने विद्यार्थीहरु भएकोले विद्यालयको एस.एल.सी. उत्तीर्णदरले त्यस विद्यालयको व्यवस्थापनको प्रभावकारिता मूल्याङ्कन गर्न सकिन्छ । छनौटमा परेका विद्यालयहरुको विगत २ वर्ष भित्रको एस.एल.सी. परीक्षाको नतिजा हेर्दा निम्न अनुसारको रहेको पाइयो

**चित्र नं. १**

**विद्यालयको एस.एल.सी. नतिजा**



यो चित्र हेर्दा सबै विद्यालयहरुमा एस.एल.सी. नतिजा उत्कृष्ट देखियो । जुन राष्ट्रको कूल उत्तीर्ण प्रतिशत भन्दा धेरै माथि देखिन्छ त्यस्तै विद्यालयहरुको श्रेणीगत उत्तीर्ण प्रतिशतलाई हेर्दा जनज्योति उ.मा.वि. र नारायण उ.मा.वि.ले विशिष्ट श्रेणीमा पनि उत्तीर्ण गराउन सफल भएको देखिन्छ भने अन्य विद्यालयहरुले प्रथम श्रेणीमा पनि कम विद्यार्थीहरु उत्तीर्ण गराएको तथा बाँकी सबै विद्यार्थीहरु दोस्रो र तेस्रो श्रेणीमा पास भएको अवस्था छ । जबकि जनज्योति उ.मा.वि.र नारायण उ.मा.वि. मा विशिष्ट श्रेणी तथा धेरै विद्यार्थीहरु प्रथम श्रेणीमा उत्तीर्ण गराउन सफल भएको देखिन्छ । यसरी विद्यालयहरुको नतिजाले उच्च लगानीमा उच्च  प्रतिफल आउने तथा कम लगानीमा कम प्रतिफल आउने अवधारणालाई पुष्टि गरेको देखिन्छ । तर शिक्षक र प्र.अ.हरुसँग गरीएको छलफल तथा अन्तरवार्ता अनुसार राम्रो नतिजा हुँदा-हुँदै पनि अधिकाँश शिक्षकहरु यस नतिजाबाट सन्तुष्ट देखिदैनन् । उनीहरुको धारणामा देशव्यापी रुपमा देखिएको एस.एल.सी. परीक्षाको अनियमितताको कारण नतिजा अपेक्षाभन्दा उच्च देखिएको हुँदा यस नतिजाको सही मूल्याङ्कन गर्न नसकेको गुनासो गर्दछन् । यस प्रक्रियाको अनियमित परीक्षा प्रणालीले प्रतिशत उच्च देखाए पनि उपलब्धी भने अपेक्षित नरहेको धेरै शिक्षकहरुको विचार छ ।

राम्रो विद्यार्थीहरुको कम प्रतिशत र अनपेक्षित विद्यार्थीहरुको उच्च प्रतिशत नतिजा आउने गर्दछ । परीक्षा पद्धति जे-जस्तो भएपनि तथ्याङ्कले यी विद्यालयहरुको एस.एल.सी. को उपलब्धी स्तर उच्च नै देखाउँछ ।

समग्रमा अध्ययनमा परेका विद्यालयहरुको एस.एल.सी. उत्तीर्णदरलाई हेर्दा उत्साहजनक देखिन्छ । विद्यालयमा शैक्षिक गुणस्तरको स्थितिलाई हेर्दा एस.एल.सी. को नतिजाको आधारमा पनि अनुमान गर्न सकिन्छ । त्यस्तै शैक्षिक गुणस्तर बृद्धिको लागि वैज्ञानिक व्यवस्थापन सिद्धान्त उपयोगी हुन सक्छ । यहाँ वैज्ञानिक व्यवस्थापन सिद्धान्तको आधारमा व्यवस्थापन समितिले कार्य गर्दा माध्यमिकतहको शैक्षिक विकास भएको पाइन्छ ।

### ४.३ शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका

विद्यालय व्यवस्थापन समितिले विद्यालयको समग्र विकासका लागि गर्नु पर्ने कामहरु मध्ये महत्वपूर्ण काम शैक्षिक विकास अन्तर्गत पर्दछ । अध्ययन क्षेत्रमा परेका विद्यालयहरुको

शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका के-कस्ता छन् त्यसलाई निम्न उपशीर्षकमा राखेर विश्लेषण गरीएको छ ।

### ४.३.१ शिक्षक विद्यार्थी अनुपात

विद्यालय व्यवस्थापन समितिले विद्यालयका शैक्षिक विकासका लागि गर्नु पर्ने महत्वपूर्ण काम विद्यार्थी संख्याको आधारमा शिक्षकको व्यवस्था गर्नु पर्ने हुन्छ । तराईका विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात १/५० भन्दा बढी हुनुहुँदैन र भएमा विद्यालयमा त्यसको उचित व्यवस्थापन विद्यार्थी व्यवस्थापन समितिले गर्नु पर्ने हुन्छ भन्ने कुरा उल्लेख गरीएको छ । विद्यालयमा विद्यार्थी संख्याको आधारमा शिक्षकले पठनपाठनको उचित व्यवस्था मिलाउनु पर्दछ  त्यसै गरी अध्ययनमा परेका विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातलाई हेर्दा शिक्षक विद्यार्थी अनुपात श्री शिशु कल्याण जनता उ.मा.वि. मा १/६० रहेको पाइयो भन्ने अन्य बांकी चारवटा विद्यालयहरुमा १/५० भन्दा कम रहेको पाइयो, जुन शिक्षा नियमावली २०५९ का अनुसार तराईका विद्यालयहरुमा १/५० रहनु पर्नेमा मिल्न गएको पाइन्छ ।

अध्ययनको क्रममा छनौटमा परेका विद्यालयहरुमा सरकारी स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक राहत अनुदानमा कार्यरत शिक्षक र निजी स्रोतबाट राखिएका शिक्षक समेत गरी शिक्षक विद्यार्थी अनुपात निकालिएको छ  यहाँ चारवटा विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात मिलाउने कार्यमा विद्यार्थी व्यवस्थापन समितिले आफ्नो काम कर्तब्य पुरा गर्न सक्षम भएको पाइयो भने श्री शिशु कल्याण जनता उ.मा.वि. आर्थिक रुपले कमजोर, विद्यार्थी संख्या बढी र कक्षाकोठा पनि कम भएको हुँदा कक्षा विभाजन गरेर पढाउन कठिन भएको हुँदा विद्यार्थी व्यवस्थापन समितिले प्राप्त स्रोत र साधनको उपयोग गरी मा.वि.तहमा थप कक्षाकोठा निर्माण गरी सेक्सन विभाजन गर्नुपर्ने देखिन्छ ।

समग्रमा हेर्दा विद्यालय शिक्षक विद्यार्थी अनुपात राम्रै देखिन्छ । व्यवस्थापन समितिले शैक्षिक क्रियाकलापमा शिक्षक विद्यार्थीलाई महत्वपूर्ण रुपमा ध्यान दिएको पाइयो भने वैज्ञानिक व्यवस्थापन सिद्धान्तले वैज्ञानिक व्यवस्थापनलाई प्रभावकारी बनाउन  शैक्षिक क्रियाकलालाई सुनिश्चित गर्न प्रत्यक्ष रुपमा सहयोग पुचाउँदछ । यसरी वैज्ञानिक सिद्धान्त

अनुसार व्यवस्थापन समितिले शैक्षिक क्रियाकलापलाई सुनिश्चित गर्न शिक्षक विद्यार्थी अनुपातलाई राम्रोसँग हेरेको पाइयो ।

### ४.३.२ शिक्षक विद्यार्थी नियमितता

शिक्षक विद्यार्थी नियमितताले पनि विद्यालयको शैक्षिक गुणस्तरलाई वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने प्रष्ट हुन्छ । विद्यालयको शैक्षिक गुणस्तरको आधारहरुमध्ये शिक्षक तथा विद्यार्थीको नियमितता पनि एक हो । शिक्षक नियमितताले नियमित पठन-पाठनको संङ्केत गर्दछ भने विद्यार्थी नियमितताले विद्यार्थी सक्रियता तथा अभिभावकको सचेतता दर्शाउछ । विद्यार्थी नियमित भए मात्र शैक्षिक उपलब्धी अपेक्षाकृत राम्रो बनाउन सकिन्छ । अन्यथा विद्यार्थी नियमितताको अभावमा शिक्षक तथा व्यवस्थापकको सम्पूर्ण प्रयासहरु निस्फल हुन जान्छ । विद्यालयको दस्तावेज अवलोकन गर्ने क्रममा शिक्षक विद्यार्थीहरुको नियमिततालाई हेर्दा उत्साहप्रद नै रहेको देखिन्छ तर विद्यार्थी नियमितता भने सामान्य अवस्थामा रहेको देखिन्छ ।

विद्यालयको वार्षिक कार्य तालिकाअध्ययन गर्दा २०० दिन विद्यालय खुल्ने, जसमध्ये १८० दिन कक्षा संञ्चालन हुने दिनको रुपमा छुट्याइएको पाइन्छ । शिक्षक नियमिततालाई हेर्दा नारायण जनता उ.मा.वि. तथा शिशु कल्याण जनता उ.मा.वि. क्रम्शः १७३ दिन र १७१ दिन रहेको देखिन्छ जुन १७० दिन भन्दा मथि रहेको छ । त्यस्तै नारायण उ.मा.वि. र जन ज्योति उ.मा.वि. साथै फौद सिंह उ.मा.वि. मा क्रम्शः १६६ दिन, १६८ दिन र १७१ दिन रहेको पाइयो  समग्र शिक्षक नियमितताको अवस्था विश्लेषण गर्दा सुविधा सम्पन्न र बजार क्षेत्रका विद्यालयहरुमा व्यवस्थापन समितिको व्यवस्थित अनुगमनका कारण शिक्षकहरुले बिदा स्वीकृत गरेर विदामा बस्ने गरेको पाइन्छ भने बजारबाट भित्र ग्रामीण क्षेत्रमा रहेका विद्यालयहरुमा व्यवस्थापनको नियमित अनुगमन नभएको कारणले बिदा सम्बन्धी कुनै विशेष कार्यबिधि अवलम्बन गर्ने गरेको पाइँदैन ।

विद्यार्थी नियमितताको अवस्थालाई हेर्दा सबै विद्यालयहरुमा सन्तोषजनक अवस्था देखिदैन । यसको मूल कारण सरकारी सामुदायिक विद्यालयहरुमा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका समुदायका बालबालिकाहरुको बाहुल्यता बढी छ र त्यसमा पनि

अभिभावकहरुको शिक्षाको स्तर न्यून रहेको हुँदा विद्यार्थी नियमिततामा त्यसको प्रभाव परेको देखिन्छ । सामाजिक, आर्थिक तथा चेतनाको स्तर उच्च भएका अभिभावकहरुका बालबालिकाहरु प्रायजसो निजी विद्यालयहरुमा अध्ययन गर्ने गरेको पाइन्छ । आर्थिक रुपमा कमजोर रहेका अभिभावकका बालबालिकाहरु खास गरी सरकारी विद्यालय अध्ययन गर्न आउने हुँदा बुबा-आमा मेलापात जाँदा घरको काम गर्नुपर्ने, भाइबहिनी हेर्नुपर्ने र ठुला कक्षाका विद्यार्थीहरु आफूले पनि कहिलेकाही मेलापात जानुपर्ने हुँदा भागेर घर जाने प्रवृति समस्याको रुपमा रहेको पाइयो । यसले गर्दा सामुदायिक विद्यालयहरुमा प्रत्यक्ष ठूलो प्रभाव पारेको देखिन्छ ।

### ४.३.३ विद्यालयको कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने दर

सामान्य अर्थमा कक्षा दोहोऱ्याउने विद्यार्थी भन्नाले गत बर्षको कुनै पनि कक्षामा भर्ना भएका विद्यार्थी यस बर्ष पनि सोही कक्षामा भर्ना हुन आएका छन् भने तिनीहरुलाई कक्षा दोहोऱ्याउने विद्यार्थी भनिन्छ । कक्षा दोहोऱ्याउनेहरुमा अनुत्तीर्ण भएर सोही कक्षामा पढ्न तथा बिचमा कक्षा छाडि पूनः भर्ना हुन आउने विद्यार्थी पर्दछन् । त्यस्तै कक्षा छाड्ने विद्यार्थी भन्नाले सामान्य अर्थमा शैक्षिक सत्रको बिचमा छाड्ने विद्यार्थीहरुलाई कक्षा छाड्ने विद्यार्थीहरु भन्ने बुझिन्छ । साधारणतया कक्षा छाड्नेदर भनेको विद्यालयमा भर्ना भएको विद्यार्थीहरुबाट उत्तीर्ण गरेको र कक्षा दोहोऱ्याउने विद्यार्थीहरुको संख्या घटाउदा आउने संख्या हो । छनौटमा परेका विद्यालयहरुको २०६८ सालको तथ्याङ्कलाई हेर्दा कक्षा छाड्ने र दोहोऱ्याउने स्थितिलाई अनुसूचीमा राखिएको छ ।

समग्रमा हेर्दा शिक्षक नियमितता राम्रो देखिन्छ भने विद्यार्थीहरुको नियमिततालाई सामान्य मान्न सकिन्छ । सम्बन्धीत साहित्यको पुनरावलोकन गर्दा समुदायमा हस्तान्तरण भएका विद्यालयहरुमा शिक्षक विद्यार्थीको नियमिततालाई हेर्दा राम्रो पाइएको थियो भने हस्तान्तरण नभएका सामुदायिक विद्यालयहरुमा सामान्य अवस्था रहेको पाइएको थियो । यसरी यहाँ सम्बन्धीत साहित्य अध्ययन गरीएको तुलनामा सामुदायमा हस्तान्तरण गरीएका विद्यालयको भन्दा शिक्षक विद्यार्थी नियमितता कम र हस्तान्तरण नभएका विद्यालयहरु भन्दा बढी रहेको पाइयो ।

छनौटमा परेका विद्यालयहरुको मा.वि. तहको दोहोऱ्याउनेदर सम्बन्धमा विद्यालयका शिक्षक तथा प्र.अ.सँग छलफल गर्दा कुनै पनि विद्यालयमा विद्यार्थीहरुले कक्षा दोहोऱ्याउने गरेको पाइएन । सबै विद्यालयमा उदार कक्षोन्नति अवलम्बन गर्ने गरेको पाइयो अर्थात् विद्यार्थीहरुलाई वार्षिक परीक्षामा फेल गरेर कक्षा दोहोऱ्याउनु पर्ने अवस्था नरहेको पाइयो । सबै विद्यार्थीहरुलाई उत्तीर्ण गर्ने गरेको पाइयो ।

श्री फौद सिंह उ.मा.वि. का प्र.अ. का अनुसार ५-६ बर्ष पहिला २ वा ३ विषय सम्म अनुत्तीर्ण विद्यार्थीहरुलाई मात्र कक्षा चढाउने तथा सो भन्दा बढी विषयमा फेल हुनेहरुलाई तल्लो कक्षामा दोहोऱ्याउनु गरेको थियो । पछि अभिभावकहरुको छनौट दवावको कारण हाल केही बर्षदेखि सबै विद्यार्थीहरुलाई कक्षा चढाउने गरेको पाइन्छ । उहाँका अनुसार यसको अर्को कारण तराईका जिल्लाहरुमा एस.एल.सी.परीक्षामा देखिने ब्यापक अनियमितता पनि हो । यस्तै समस्या अध्ययनमा परेका अरु सबै मा.वि.मा पनि रहेको पाइयो ।

श्री जनज्योति उ.मा.वि. का व्यवस्थापन समितिका अध्यक्षका अनुसार कक्षा-९ का अनुत्तीर्ण विद्यार्थीहरु कक्षा-८ को उत्तीर्ण प्रमाणपत्र लिइ अन्यत्र जाने र कक्षा-९ मा फेल भएपनि केही बढी शुल्क लिएर अन्य विद्यालयले कक्षा-१० मा भर्ना गरीदिने गरेको बताउनु हुन्छ । पछि एस.एल.सी. परीक्षामा नियमित उत्तीर्ण गरी पूनः ११ कक्षा पढ्न आफ्नै विद्यालयमा आउने गरेको बताउनु हुन्छ ।

त्यस्तै कक्षा छाड्नेदर सम्बन्धमा हेर्दा छनौटमा परेका विद्यालयहरुमा उल्लेख गर्न लायकको कक्षा छाड्नेदर देखिन्न । यदा-कदा वैवाहिक कारणले तथा रोजगारीको कारणले मात्र कक्षा छाड्ने गरेको देखिन्छ । मा.वि. तहमा अध्ययन गर्ने छात्र-छात्राहरु चेतनाको अभावले कतिपय समाजमा कम उमेरमा विवाह गरीदिने कारणले पनि कक्षा छाड्ने गरेको पाइन्छ । त्यस्तै ढीलो उमेरमा विद्यालय आएको छात्र-छात्राहरु पनि प्रहरी, सेना तथा बैदेशिक रोजगारका लागि कक्षा छाडि गएको पाइन्छ । कक्षा छाड्ने मूख्य कारणहरु मध्ये अनुत्तीर्ण हुनेलाई पनि मुख्य कारणको रुपमा मानिन्छ । छनौटमा परेका विद्यालयहरुमा अनुत्तीर्ण गर्ने परिपाटी नरहेको हुँदा कक्षा छाड्ने दरमा कमी रहेको पाइन्छ । यसरी

विद्यालयमा कक्षा छाड्ने र दोहोर्‍याउने विद्यालयहरुको संख्या न्यून रहँदा शैक्षिक विकासको लागि विद्यालय व्यवस्थापन समितिको सक्रियता रहेको देखिन्छ ।

### ४.३.४ शिक्षक कर्मचारी नियुक्ति र कार्यक्षमता मूल्याङ्कन

सामुदायिक विद्यालयको व्यवस्थापन समितिले रिक्त सरकारी दरबन्दीमा अस्थायी नियुक्ति राहत दरबन्दीमा अस्थायी नियुक्ति तथा निजी स्रोतबाट तलब, भत्ता खाने गरी अस्थायी नियुक्ति गर्न पाउने व्यवस्था छ ।

विद्यालयका प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग गरीएको अन्तरवार्ताको आधारमा शिक्षक नियुक्तिको लागि नियमावलीमा व्यवस्था भए बमोजिम ३ सदस्य समिति गठन गर्ने गर्दछ । जसमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्र.अ.र स्थानीय बुद्धिजीविवर्ग सदस्य रहने गर्दछ । यस समितिले आवश्यक्ता अनुसार सम्बन्धीत विषयका विशेषज्ञबाट समेत सेवा लिन सक्ने छ । त्यस्तै रिक्त पदको लागि निश्चित अवधि किटान गरी दरखास्त आह्वान गरीन्छ र पर्न गएका निबेदकहरुको लिखित परीक्षा, कक्षा अवलोकन र अन्तरवार्ताका आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्नेलाई समितिले सिफारीस गर्ने तथा बाँकी केहीलाई बैकल्पिक उमेदबारमा नाम प्रकाशित गर्ने गरीएको छ । अध्ययनका क्रम्मा छनौटमा परेका प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग लिएको अन्तरवार्ताका अनुसार सबै विद्यालयहरुमा स्वच्छ प्रतिस्पर्धाद्वारा नै शिक्षक कर्मचारी नियुक्ति गर्ने गरीएको पाइयो तर शिक्षक, अभिभावकहरुसँग गरीएको अन्तरक्रियामा भने राजनैतिक रुपले तथा सुनियोजित नियुक्ति गर्ने गरेको र सर्वसाधारणले अवसर नपाउने गुनासो व्यक्त गरे खासगरी विद्यालय व्यवस्थापन समितिका सदस्यहरुका आफ्नो नातागोता तथा राजनैतिक कार्यकर्ताहरुलाई नै प्रमुख प्राथमिक्ता दिने गरीएको बताए ।

कार्यक्षमता र मूल्याङ्कनको कुनै विशेष व्यवस्था नरहेको पाइयो । सबै विद्यालयहरुमा कार्यक्षमता र मूल्याङ्कन स्थायी शिक्षकहरुको जिल्ला शिक्षा कार्यालयबाट हुने गर्दछ भने, अस्थायी शिक्षकहरुको कुनै प्रकारको मूल्याङ्कन गर्ने पद्धति नरहेको पाइयो । विद्यालय व्यवस्थापन समितिले हालसम्म कुनै पनि शिक्षकहरुलाई पुरस्कार वा दण्ड दिने गरेको छैन भन्ने जवाफ सबै शिक्षकहरुबाट प्राप्त भयो । यसरी शिक्षकहरुलाई प्रोत्साहन वा दण्डित

गरीने कुनै पद्धति नभएबाट शैक्षिक गुणस्तर सुधारमा विद्यालय व्यवस्थान समिति प्रत्यक्ष रुपमा सक्रिय नभएको देखिन्छ । शिक्षक कर्मचारीको कार्य क्षमता मूल्याङ्कनलाई हेर्दा यहाँ विद्यालय व्यवस्थापन समिति खासै सक्रिय रुपमा लागेको पाइँदैन ।

समग्रमा शिक्षक कर्मचारी नियुक्त गर्दा प्रक्रियागत रुपमा लिखित परीक्षा, कक्षा अवलोकन र अन्तरवार्ताका आधारमा गर्ने गरेको पाइयो भने कार्यक्षमता मूल्याङ्कनको लागि विद्यालय व्यवस्थापन समितिले ध्यान दिएको पाइँदैन । वैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुसार प्रत्येक शिक्षक कर्मचारीहरुको कामको विश्लेषण गरी पुरस्कृत गरेर थप पृष्ठपोषण दिन शिक्षक कर्मचारीहरुलाई काममा अझ प्रोत्साहन गर्नुपर्ने देखिन्छ । तर यहाँ यस्तो गर्न नसकेको पाइयो ।

### ४.३.५ विद्यालय सुधार, योजना निर्माण र कार्यान्वयन

विद्यालयको सर्वाङ्गीण विकासका लागि स्थानीय सरोकारवालाहरुले नै योजना बनाई त्यससँग सम्बन्धीत साधन र स्रोतको खोजी कार्यान्वयन निरन्तर अनुगमन र मूल्याङ्कन गरी विद्यालयलाई सुधार गर्ने उद्देश्यले विद्यालयहरुमा विद्यालय सुधार योजना (SIP) निर्माण गरीन्छ । विद्यालयको व्यवस्थापकीय कुशलतामा अभिवृद्धि गरी उपलब्ध स्रोत र साधनको परिचालन गरेर उच्चतम प्रतिफल सुनिश्चित गर्न प्रत्येक विद्यालयले स्थानीय सरोकारवालाहरुको समेत सहयोग लिएर पाँच बर्षे अल्पकालीन योजनाको रुपमा विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान शिक्षा विभागले लागु गरेको छ । विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको प्रमुख जिम्मेवारी विद्यालय व्यवस्थापन समिति र प्र.अ. लाई शिक्षा विभागले सुम्पेको छ ।

छनौटमा परेका सबै विद्यालयहरुले २०६३ सालमा नै विद्यालय सुधार योजना निर्माण गरेर जिल्ला शिक्षा कार्यालयमा बुझाएका छन् । विद्यालय सुधार योजना आफैमा महत्वकांक्षी योजना हो । यसको कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गर्न विद्यालयहरु सक्षम छैनन् । शिक्षा कार्यालयबाट प्रत्येक साल विद्यालय सुधार योजनाको लागि भनेर केही रकम निकासा दिने गरेको छ तर त्यो रकम अति न्यून हुने गरेको र योजनामा कार्यान्वयनको लागि प्रयाप्त नभएको प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका

अध्यक्षहरुको गुनासो छ । वार्षिक रुपमा कार्यान्वयन गर्नुपर्ने कार्यहरुको लागि वर्षको शुरुमै आर्थिक स्रोतको आवश्यक्ता पर्दछ तर जिल्ला शिक्षा कार्यालयबाट जहिले पनि आर्थिक वर्षको समाप्ती हुने समय पारेर असार अन्तिम तिर मात्र रकम निकासा गर्नाले त्यसको पूर्ण सदुपयोग भएको अवस्था छैन ।

विद्यालय सुधार योजना निर्माणको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु तथा प्र.अ. हरुसँग गरीएको छलफलमा प्र.अ. का अनुसार प्रायः सबै विद्यालय व्यवस्थापन समितिको सदस्यहरु शैक्षिक अनुभवको हिसाबमा विद्यालय सुधार योजना निर्माण गर्न सक्षम हुँदैनन् । त्यसैले प्रायः सबै विद्यालयहरुमा प्र.अ. अनुभवी शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका सदस्य सल्लाहकार रहने गरी एउटा उपसमिति गठन गरी विद्यालय सुधार योजना निर्माणको जिम्मा दिएको र त्यसै समितिले निर्माण गरेका विद्यालय सुधार विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई जिल्ल शिक्षा कार्यालयमा पेश गरेको कुरा प्र.अ.बाट जानकारी पाइयो ।

### ४.३.६ लेखापरीक्षणमा विद्यालय व्यवस्थापन समितिको भूमिका

शिक्षा ऐनमा विद्यालय व्यवस्थान समितिलाई जिल्ला शिक्षा कार्यालयले तोकेको लेखा परिक्षकबाट विद्यालयको आय-व्ययको बार्षिक लेखापरीक्षण गराउने र लेखापरीक्षकको प्रतिवेदन उपर आवश्यक कार्यवाही गरी त्यसको प्रतिवेदन उपर आवश्यक कार्यवाही गरी त्यसको प्रतिवेदन जि.शि.का.मा पेश गर्नुपर्ने उत्तरदायित्व सुम्पेको छ । विद्यालय व्यवस्थापन समितिको भूमिका सम्बन्धमा गरीएको यस अध्ययनको क्रममा छनौटमा परेका पाँच वटै विद्यालयहरुको ले.प. का. अवस्थालाई हेर्दा सबै विद्यालयहरुले आर्थिक बर्ष समाप्ती भए पछि पुषभित्रै लेखा परीक्षण गराउने गरेको पाइयो । यसका लागि विद्यालय व्यवस्थापन समितिले एकजना लेखा परीक्षणमा इजाजत पत्र प्राप्त लेखा परीक्षकलाई लेखा परीक्षणको जिम्मेवारी दिने गरेको सम्बन्धीत विद्यालयका प्र.अ. बाट जानकारी प्राप्त भयो ।

वि.व्य.स. को सक्रियताको अवस्था हेर्दा श्री जनज्योति उ.मा.वि. लालबन्दीले व्यवस्थापन समितिबाट ३ जनाको प्रतिनिधित्व हुने गरी एक आन्तरिक लेखा समिति गठन गर्ने र उक्त समितिले लेखा परीक्षकसँग काम गरी लेखा परीक्षण समयमा नै समाप्त गर्न आन्तरिक

रुपमा सहयोग गर्ने गरेको पाइयो । अन्य विद्यालयमा भने लेखा तथा प्रशासन हेर्न जिम्मेवारी पाएको एक जना शिक्षक तथा व्यवस्थापन समिति वा एक जना प्रतिनिधिले नियमित रुपमा लेखा परीक्षण सुरु भए देखि नसकिउन्जेलसम्म लेखा परीक्षकलाई सहयोग गर्ने गरेको पाइयो ।

यसरी तयार पारिएको लेखा परीक्षण प्रतिवेदनको एक प्रति विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराइ जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने गरीएको प्र.अ.हरुको भनाइ छ । तर सार्वजनिक गर्ने गरेको पाइएन । श्री फौद सिंह उ.मा.वि. रानिगंजका प्र.अ. अमिरी चौधरीका अनुसार अभिभावक भेला बोलाई लेखा परीक्षण सम्बन्धी चेतनामा कमी भएको कारण झगडा पर्ने समस्याहरु ज्यादै बढी भएको कारण हाल सार्वजनिक भेला बोलाउने गरीदैन भनेर बताउनु हुन्छ ।

अभिभावकहरुसँग गरीएको छलफलका क्रममा धेरै अभिभावकहरु विद्यालयको आय-व्यय विवरणबाट सन्तुष्ट नभएको पाइयो । विद्यालयको पैसा के-के मा खर्च गर्दछन् हामीलाई थाहा हुँदैन आफ्नै मनमानी खर्च गरेर स्कुलको आम्दानी व्यवस्थापन समिति हिनामिना गरेको सर्वसाधारण अभिभावकहरुको भनाइ पाइयो । यसरी समग्रमा हेर्दा केही विद्यालयहरुमा आन्तरिक लेखा समिति गठन गरेर लेखा परीक्षणमा सम्बद्ध गराउने कारणले लेखा परीक्षणमा समुदायको सहभागिता देखिन्छ भने अन्य विद्यालयहरुमा विद्यालयको लेखा परीक्षणमा समुदायलाई वि.व्य.स.ले सक्रिय रुपमा सहभागि गराउन नसकेको पाइयो । मानव सम्बन्ध सिद्धान्त अनुसार समुदायले आपसी सम्बन्ध कायम गर्न नसकेको देखिन्छ । वास्तवमा शैक्षिक लगानीलाई प्रतिफलमुखी प्रभावकारी र कुशलतापूर्वक उपयोग गर्न तथा स्रोत विनियोजनलाई न्यायपूर्ण बनाउन एवम् सोको लेखाजोखा गर्न समुदायले पाउनुपर्छ । यसका साथै विद्यालयले गरेको खर्चको औचित्यका बारेमा खर्चको पारदर्शीता तथा उपयोगिताका बारेमा विद्यालयले जनसाधारणलाई जानकारी दिनु पर्दछ ।

### ४.४ विद्यालय व्यवस्थापनमा देखिएका समस्याहरु

विद्यालय व्यवस्थापनको भूमिका सम्बन्धी अध्ययनका क्रममा प्र.अ., शिक्षक, अभिभावक विद्यालय वयवस्थापन समितिका अध्यक्षसँग लिएको अन्तरवार्ता तथा छलफलको क्रममा विद्यालय व्यवस्थापनमा धेरै प्रकारका समस्याहरु देखियो ती मध्ये केही प्रमुख

समस्याहरु अन्तर्गत आर्थिक एवम् भौतिक समस्या, जनचेतनाको अभाव, राजनैतिक हस्तक्षेप, समन्वयनको अभावको अध्ययन विश्लेषण गर्न खोजिएको छ ।

### ४.४.१ आर्थिक एवंम् भौतिक समस्या

हालको परिप्रेक्षमा नेपालका अधिकांश सामुदायिक विद्यालयहरुको प्रमुख समस्याको रुपमा आर्थिक भौतिक समस्या रहेको पाइन्छ । अधिकांश विद्यालयमा शिक्षक दरबन्दी कम तथा विद्यार्थी संख्या बढी हुने गरेको छ । स्थानीय आम्दानीको स्रोत पर्याप्त भएका विद्यालयहरु पनि कम हुन्छन् । स्थानीय स्रोतबाट थप शिक्षकको व्यवस्था गर्न कठिन भइरहेको अवस्थामा भौतिक पूर्वाधारको विकास गर्न झन चुनौतिपूर्ण देखिन्छ ।

यस अध्ययनको क्रममा छनौटमा परेका विद्यालयहरु मध्ये श्री जनज्योति उ.मा.वि. तथा श्री नारायण उ.मा.वि.हरुको स्थानीय सम्पतिको रुपमा स्थानीय बजार लाग्ने जग्गा भएको कारण ती विद्यालयहरु आर्थिक रुपले सम्पन्न देखिन्छन् । यी विद्यालयहरु पुराना विद्यालय भएका कारण शिक्षक दरबन्दी पनि पर्याप्त नै छ । तसर्थ थप शिक्षकको लागि बढी व्यय भार ब्यहोर्नुपर्ने अवस्था छैन तर श्री जनज्योति उ.मा.वि. परिसर भित्र उ.मा.वि.क्याम्पस तथा सी.टी.भी.टी अन्तर्गतका प्राविधिक शिक्षा पनि सञ्चालन भएका छन् । धेरै कार्यक्रमहरु सञ्चालन गर्नु पर्दा आफ्नै किसिमका आर्थिक भौतिक समस्या व्यवस्थापन समितिले महशुस गरेको पाइयो । भौतिक पूर्वाधारमा अन्य विद्यालयहरु भन्दा राम्रो भएका कारण यस क्षेत्रका एस.एल.सी. उ.मा.वि. तथा त्रि.वि. अन्तर्गतका परीक्षा केन्द्र यी विद्यालयमा कायम गरीने कारण नियमित कक्षा सञ्चालनमा धेरै असर परेको यहाँको शिक्षकहरुको गुनासो छ ।

आर्थिक भौतिक रुपमा कमजोर देखिएका नारायण जनता उ.मा.वि., श्री शिशु कल्याण उ.मा.वि. र श्री फौद सिंह उ.मा.वि. मा मा.वि. दरबन्दीका शिक्षक संख्या धेरै कम भएको कारण तथा थप शिक्षक निजी स्रोतबाट नियूक्ती गर्नुपर्ने बाध्यता छ । जबकि स्थानीय आम्दानीको रुपमा केही बिगहा खेति योग्य जमिन मात्र भएको कारण त्यसको आम्दानी शिक्षक तलबको लागि पनि साह्रै न्यून हुने देखिन्छ । विद्यार्थीहरुबाट शुल्क नलिने सरकारी नीति विपरीत यस्ता विद्यालयहरु शुल्क लिन बाध्य छन् । यी विद्यालयका लागि

कहिले गा.वि.स.तथा जि.वि.स. हरुसँग आस गरेर बस्नुपर्ने अवस्था छ । जि.शि.का.ले दिने भौतिक पूर्वाधारको कोटामा आफ्नो पहुँच नपुग्ने प्र.अ.बद्रि प्रसाद कोइराला बताउनु हुन्छ । आर्थिक भौतिक कारणले गर्दा नै उच्च शिक्षाका लागि पहल गर्न नसकेको उहाँको गुनासो छ ।

यसरी छनौटमा परेका विद्यालयहरुमा आर्थिक एवंम् भौतिक रुपमा प्रमूख समस्या रहेको पाइन्छ । तुलनात्मक रुपमा सम्पन्न देखिएको विद्यालयहरुमा पनि थप आर्थिक भौतिक समस्या रहेको बताउनु हुन्छ  भने बाँकी कमजोर विद्यालयहरुलाई त विद्यालय सञ्चालन गर्न धौ-धौ परेको पाइयो ।

### ४.४.२ जनचेतनाको अभाव

सामुदायिक विद्यालयहरुको शैक्षिक स्तरमा प्रभाव पर्ने विभिन्न तत्वहरु मध्ये जनचेतना पनि एक हो । विभिन्न अध्ययन अवलोकनको क्रममा यस क्षेत्रका सामुदायिक विद्यालयहरुमा निजी विद्यालयको तुलनामा उच्च क्षमता भएका र अनुभवी शिक्षकहरु कार्यरत भएको पाइयो । यसो हुँदाहुँदै पनि सामुदायिक विद्यालयका विद्यार्थीहरुको स्तर राम्रो नभएको छलफलमा सहभागी अभिभावक तथा शिक्षकहरुको गुनासो छ । यसको कारण सम्बन्धमा शिक्षक तथा प्र.अ.बाट लिइएको अन्तरवार्तामा अधिकांश बालबालिकाका अभिभावकहरु सचेत छैनन् । उनीहरु विद्यालयमा कहिल्यै आउदैनन् त्यस्तै बालबालिकाहरुलाई घरमा पढ्ने वातावरण उपयुक्त हुँदैन भनि ट्टिप्पणी गर्नुहुन्छ ।

त्यस्तै फौद सिंह उ.मा.वि. रानीगंजका शिक्षक केदार घिमिरेका अनुसार केही सचेत र आर्थिक रुपले सक्षम परिवारका बालबालिका निजी विद्यालयमा भर्ना गर्ने गरीन्छ । शैक्षिक चेतनाको स्तर कम भएका र आर्थिक विपन्न परिवारका केटाकेटीहरुनै हाम्रा सामुदायिक विद्यालयमा भर्ना हुन आउँछन् । विद्यालयका ६ घण्टा पढाइ मात्र उनीहरुको लागि पर्याप्त हुँदैन  उनीहरुको बढीभन्दा बढी समय घर र समाजमा बित्ने गर्छ । जस्तो बर्षमा ३६५ दिन मध्ये १८० दिन विद्यालय सञ्चालन हुन्छ । १८० दिन मध्ये पनि दिनको औषत ६ घण्टा विद्यालयमा बस्छन् बाँकी १८ घण्टा घरमा नै बिताउछन् तसर्थ अभिभावक सचेत नभइ शिक्षाको स्तर कायम गर्न नसकेको बताउनु हुन्छ ।

यसरी विद्यार्थीका अभिभावकहरु आफ्ना बालबालिकाहरुको स्थिति बुझ्न कहिलेकाही नगन्य रुपमा आउने गरेको पाइयो । आफ्ना बालबालिकाहरुलाई घरमा पनि पढाइ प्रति हेरबिचार नगर्ने र विद्यालयमा पनि आफ्ना बच्चाहरुको स्थिति बुझ्न आउने गरेको पाइदैन । श्री जनज्योति उ.मा.वि. का प्र.अ.का अनुसार अभिभावकहरु नगन्य रुपमा कहिलेकाहीँ २-४ जना आउनुलाई सँयोग मात्र मान्ने गरेको छ । तसर्थ अभिभावकहरुको चेतनाको स्तर पनि विद्यालयको पठनपाठन सुधारमा प्रमुख समस्याको रुपमा बताउनु हुन्छ ।

त्यस्तै छनौटमा परेका सबै विद्यालयहरुमा अभिभावकको चेतनाको अभाव रहेको पाइयो  व्यवस्थापन समिति विद्यालय र समुदायसँगको सम्बन्धलाई सुमधुर बनाएर विद्यालय प्रति अभिभावकको चासो बढाउन नसकेको स्थितिले आपसी मानवीय सम्बन्धको विकास नहुने देखियो । चेतनाको अभावको कारणले पिछडिएका अभिभावकहरु आफ्नो कार्य र दायित्वलाई नबुझेका हुन सक्दछन् । चेतनाबाट बञ्चित समुदायलाई जागरुक गराई शिक्षा प्रतिको दायित्व महसुश गराउन विद्यालयले सामुहिक चेतनाका कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ ।

### ४.४.३ राजनैतिक हस्तक्षेप

विद्यालय सञ्चालनमा राजनैतिक रुपमा हस्तक्षेप हुनु यस क्षेत्रको विद्यालयको अर्को प्रमुख समस्या हो । विद्यालय व्यवस्थापन समिति गठनका क्रममा अभिभावक भेला बोलाउँदा कृत्रिम रुपमा अभिभावक बनाइएका राजनैतिक कार्यकर्ता नै बढी हुने गर्दछन् । श्री नारायण जनता उ.मा.वि. का प्र.अ. ऋषि सुबेदीका अनुसार राजनैतिक भागवण्डाका आधारमा व्यवस्थापन समिति गठन हुने गर्दछ । वास्तविक अभिभावक व्यवस्थापन समितिमा नहुने कारणले पठनपाठन सुधार तर्फ समितिले उत्तरदायित्व वहन नगरेको बताउनु हुन्छ ।

त्यस्तै जन ज्योति उ.मा.वि. का प्र.अ.का अनुसार राजनैतिक रुपमा गठन भएको विद्यालय व्यवस्थापन समितिमा बैठकमा आवश्यक निर्णय हुन चाहिएको विषयवस्तुमा उपयुक्त निर्णय हुन नसक्ने, निर्णय शिक्षक र प्र.अ. प्रति पूर्वाग्रही हुने समितिका सम्पूर्ण पदाधिकारीहरु बिच समन्वयन कायम गर्न कठिन हुने आदि समस्या छ । त्यस्तै राजनैतिक

पहुँच बढी भएका स्थानीय शिक्षकहरु पठनपाठनमा प्रतिकूल प्रभाव पार्ने गर्दछन् भनेर बताउनु हुन्छ । छनौटमा परेका अन्य विद्यालयहरुमा पनि यो समस्याले टड्कारो रुपमा प्रभाव पारेको पाइयो । शिक्षक तथा कर्मचारी नियुक्तीका क्रममा पनि समस्या खडा हुने गरेको पाइयो ।

समग्रमा हेर्दा छनौटमा परेका सबै सामुदायिक विद्यालयहरुमा धेर-थोर रुपमा राजनैतिक हस्तक्षेप एउटा प्रमुख समस्याको रुपमा रहेको पाइयो । त्यस्तै साहित्यको पुनरावलोकनमा गरीएको अध्ययनमा विद्यालय व्यवस्थापन समितिमा स्वच्छ, निःस्वार्थ, इमान्दारी र समर्पित व्यक्तिहरुको छनौट गर्नु पर्दछ भनेका छन् । भने यहाँ ठीक उल्टो शिक्षामा ब्यापक राजनैतिक हस्तक्षेप मुख्य कारक तत्वको रुपमा रहेको तथ्य यहाँ मिल्न गएको पाइन्छ ।

### ४.४.४ शिक्षक, प्र.अ. र व्यवस्थापन समिति बिच समन्वयको अभाव

सामुदायिक विद्यालयहरुमा शिक्षक र व्यवस्थापन समिति बिच समन्वयन हुन नसक्नुले पनि विद्यालयको शिक्षण प्रक्रिया र शैक्षिक गुणस्तरमा पनि प्रत्यक्ष प्रभाव पार्दछ । छनौटमा परेका सबै विद्यालयहरुमा यो समस्या रहेको पाइयो । शिक्षकहरुको अन्तरवार्ताको क्रममा सबै शिक्षकहरुले विद्यालय व्यवस्थापन समिति प्रतिको असन्तुष्टि ब्यक्त गर्नु भयो भने व्यवस्थापन समितिका अध्यक्षहरुँग गरीएको अन्तरवार्ताका क्रममा व्यवस्थापन समितिका जिम्मेवारी कम लिने गरेको बताए ।

त्यस्तै श्री नारायण उ.मा.वि. ईश्वरपुरका शिक्षकका अनुसार विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु हुकुमी प्रवृति लागु गर्न तथा विद्यालयका कुनै पनि कार्यमा सरसल्लाह नगर्ने भएका सुविधाहरु पनि कटौती गर्ने, पारिश्रमीक दिन ढिलाइ गर्ने आदि कारणले शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु बिच राम्रो समन्वय हुन नसकेको बताउनु हन्छ तर श्री शिशु कल्याण उ.मा.वि. हरिभवन, करहियामा भने व्यवस्थापन समिति र शिक्षकहरु बिच समन्वय ठिकै रहेको तर प्र.अ.र शिक्षक बिच समन्वयन अभाव रहेको पाइयो । अन्तरवार्ता तथा छलफलको क्रममा सबैजसो विद्यालयमा व्यवस्थापन समिति र शिक्षकहरुको नियुक्ती सामुहिक छलफल तथा बैठक वर्ष भरिमा एक

पटक पनि हुने गरेको पाइएन । साथै स्टाफ मिटिङ्गमा शिक्षकहरुले पारित गरी व्यवस्थापन समितिमा पठाइएका कुराहरुलाई विद्यालय व्यवस्थापन समितिले मूल्याङ्कन नगर्ने तथा वि.व्य.स. का निर्णयहरु प्रति शिक्षक सकारात्मक नहुने अवस्थाहरु पनि रहेको पाइयो ।

यसरी शिक्षक, प्र.अ.,अभिभावक तथा व्यवस्थापन समिति बिच समन्वय नहुँदा विद्यालयको सामुहिक कार्य विग्रन गइ पठन-पाठन र त्यसको गुणस्तरमा प्रत्यक्ष प्रभाव पर्ने अवस्था देखिन्छ । मानव सम्बन्ध सिद्धान्त अनुसार जति धेरै मानवीय सम्बन्ध व्यवस्थापन गर्न सकियो त्यति नै राम्रो सम्बन्ध कायम भई काममा स्तरीयता एवंम प्रभावकारीता हाँसिल हुन्छ । भनेभ्कै यहाँ विद्यालय र शिक्षक, प्र.अ. तथा व्यवस्थापन समितिको सम्बन्ध बिच समन्वय बिकास नभएको देखियो । यिनीहरुमा पारिस्परिक समन्वयात्मक सम्बन्ध कायम गर्न आफ्नो व्यवहार एवंम् समभ्कदारी कायम गर्नु उपयूक्त हुन्छ भने शिक्षक, प्र.अ., व्यवस्थापन समिति बिच परिवर्तन गरी समन्वयात्मक धारणको बिकास गरी परिवर्तन ल्याउन जरुरी हुन्छ ।

परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

विद्यालयहरुको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका सम्बन्धी सर्लाही जिल्लाका पाँच वटा उ.मा.वि.हरुमा गरीएको यस अध्ययनबाट निम्न अनुसारका प्राप्ती, निष्कर्ष र सुझाव दिने प्रयास गरीएको छ ।

## ५.१ प्राप्ति

विद्यालय व्यवस्थापन समितिमा देखिएका समस्या र सामाधानको उपाय सम्बन्धमा विद्यालय व्यवस्थापन समितिका क्रियाकलापहरुको अध्ययन एवंम् विश्लेषण गर्दा विभिन्न तथ्य प्राप्त भएको छ ।

यस अध्ययनमा अनुसन्धान कर्ताले अध्ययन गरेका विद्यालयमा विद्यमान साधन र स्रोतको अभाव भएको पाइयो । आर्थिक स्रोतको लागि सरकारी अनुदान, विद्यार्थी शुल्क, जग्गा जमिनको आम्दानी, गा.वि.स. ले दिने अनुदानबाट विद्यालय सञ्चालन भएको पाइयो । भौतिक साधनहरुको अपर्याप्तताको कारण सिकाइमा असर पर्न गएको पाइयो । आर्थिक स्रोत र भौतिक साधनहरुले सम्पन्न विद्यालयहरुको शैक्षिक उपलब्धीहरु पनि सामान्य आर्थिक स्रोत र भौतिक साधन भएका विद्यालयहरुको भन्दा खासै उच्च रहेको पाइएन ।

अध्ययनका लागि नमुना छनौटमा परेका विद्यालयहरुमा अनुसन्धान गर्दा शिक्षण सिकाइको अवस्थालाई हेर्दा प्राय सबै जसो विद्यालयहरुमा शैक्षिक सामाग्रीहरुको प्रयोग नगरी अध्यापन गरेको पाइयो । शैक्षिक सामाग्री भए तापनी दैनिक प्रयोगमा आउने सामाग्री मात्र प्रयोग गरेको पाइयो । सबैजसो विद्यालयहरुमा दरबन्दी र निजी स्रोतका शिक्षकहरुको संख्यालाई हेर्दा विद्यार्थी संख्याको आधारमा सन्तोषजनक नै देखिन्छ । त्यस्तै परीक्षा प्रणाली सम्बन्धी माध्यमिक विद्यालयमा वर्षमा तीनपटक जाँच हुने गरेको पाइयो । यहाँ परीक्षाफलको शैक्षणिक सुधारमा पहल गर्ने गरेको पाइएन । शिक्षण सिकाइलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि वि.व्य.स., प्र.अ., शिक्षक र विद्यार्थी खासै सक्रिय रहेको पाइएन । त्यस्तै

विद्यालयको एस.एल.सी. उत्तीर्ण दर हेर्दा ५०% भन्दा माथि देखिन्छ तर यसमा प्र.अ.,शिक्षक तथा वि.व्य.स. सन्तुष्ट रहेको पाइएन । यसको मूल कारण बिग्रदो परीक्षा प्रणली रहेको पाइयो ।

अध्ययनमा परेका विद्यालयहरुमा शैक्षिक विकासको अवस्थालाई हेर्दा विद्यालय व्यवस्थापन समिति, अभिभावकको खासै सक्रियता नरहेको पाइयो । शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियामा व्यवस्थापन समिति र अभिभावकहरु खासै चाँसो नदेखाएको कारण शिक्षकहरु मात्रै एकतर्फी प्रयासले शैक्षिक सुधार नभएको पाइयो । वि.व्य.स. को तर्फबाट कुनै पनि शिक्षकहरुको कार्यक्षमता मूल्याङ्कन गरी पुरस्कृत वा दण्डित गरेको पाइएन ।

सबै विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण गर्ने गरेको पाइयो । लेखा परीक्षण नियमित गर्ने गरेको पाइन्छ । केही विद्यालयहरुमा समितिले शिक्षक तथा कर्मचारीहरु नै लेखा परीक्षकको सहयोगी खटाउने गरेको पाइयो ।

## ५.२ निष्कर्ष

शोध अध्ययनबाट प्राप्त भएको तथ्याङ्कहरुको विश्लेषणका आधारमा निष्कर्ष निकालिएको छ । निष्कर्षहरु थोरै नमुना र सानो क्षेत्रमा अध्ययन गरी प्राप्त भएकोले अध्ययनको परिसिमामा भने झै राष्ट्रिय रुपमै प्रतिनिधीत्व गर्ने खालका नहुन सक्छन् तर अध्ययन क्षेत्रसँग मिल्दोजुल्दो परिस्थीति भएका ठाउँहरुमा भने मिल्न सक्ने कुरा प्रति म विश्वस्त छु । समग्र शैक्षिक विकासका लागि विद्यालय व्यवस्थापन समितिले शैक्षिक विकासका सबै पक्षमा समान तथा पूर्ण जिम्मेवारीका साथ भूमिका निर्वाह गर्न सकेका छैनन् । आर्थिक तथा भौतिक पक्षको विकासमा मात्र बढी क्रियाशिल भएको पाइयो । आर्थिक र भौतिक जस्तै शैक्षिक विकासको मूल मेरुदण्ड विद्यार्थी, शिक्षक र शिक्षण प्रक्रियालाई पनि थप ध्यान दिनुपर्ने आवश्यक्ता देखिन्छ । शिक्षक तथा विद्यार्थीहरुलाई क्रियाशिल बनाउन नियमित मूल्याङ्कन तथा प्रोत्साहनको वातावरण विकास गर्नुपर्ने आवश्यक्ता स्पष्ट हुन आउँछ । विद्यालयको शैक्षिक विकास शिक्षकमा मात्र निर्भर गर्न नसकिने हुँदा सामुदायिक विद्यालयका मुख्य सरोकारवाला अभिभावकहरुबाट सहयोग लिनु

आवश्यक छ । विद्यालय व्यवस्थापन समितिले अभिभावक भेला बोलाइ विद्यार्थीहरुको प्रगति विवरण दिने व्यवस्था मिलाउन सके शैक्षिक संस्थाले अझ बढी उपलब्धी हासिल गर्न सक्छ

सम्बन्धीत बालबालिकाहरुका बाबु-आमा नै व्यवस्थापन समितिमा आउने गरेको पाइएन  राजनैतिक तथा पार्टिगत रुपमा व्यवस्थापन समिति गठन हुने हुँदा राजनैतिक एजेण्डा हावी भै शैक्षिक एजेण्डाहरु ओझेलमा पर्ने अवस्था रहन्छ । वि.व्य.स., प्र.अ., शिक्षक तथा अभिभावक चारवटै पक्षको समन्वयात्मक भूमिका निर्धारण गरी शैक्षिक वातावरण कायम गर्नुपर्ने देखिन्छ । सरकारी नीति स्पष्ट नहुँनाले गर्दा आर्थिक अवस्था कमजोर भएका विद्यालयमा झन कम दरबन्दी तथा आर्थिक रुपले सक्षम विद्यालयहरुमा भने बढी शिक्षक दरबन्दी रहेको अवस्था देखिन्छ ।

समग्रमा निष्कर्षको रुपमा भन्दा विद्यालयको शैक्षिक सुधारमा विद्यालय व्यवस्थापन समितिको भूमिका रचनात्मक नै रहे तापनि आर्थिक र भौतिक पक्षमा जस्तो शैक्षणिक तथा वातावरणिय पक्षमा पनि ध्यान केन्द्रित गर्न सके अपेक्षित माध्यमिकतहसम्मको शैक्षिक विकास गर्न सकिने देखिन्छ ।

**५.३ सुझावहरु**

यस अध्ययनसँग सम्बन्धीत विद्यालयका वि.व्य.स.का अध्यक्ष, प्र.अ., शिक्षक, शिक्षक अभिभावक संघ र अभिभावकसँग छलफल, अन्तरक्रिया, प्रश्नावलीको माध्यमबाट विद्यालय व्यवस्थापन गर्दा आइपरेका समस्याहरुको समाधान गर्न अवलम्बन गर्नुपर्ने सुझावहरु लिइएको थियो । माध्यमिक विद्यालयको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका सम्बन्धी गरीएका अध्ययनका अधारमा निकालिएका प्राप्ति अनुसार भविष्यमा नीतिगत तहमा लिनुपर्ने निर्णयहरु, अभ्यास तहमा गर्नुपर्ने कार्यहरु र अनुसन्धान तहमा थप ज्ञान हासिल गर्नुपर्ने देखिएको छ । यस अध्ययनका प्राप्ति र निष्कर्षको आधारमा निम्न लिखित सुझावहरु पेश गरीएको छ ।

### ५.३.१ नीतिगत तहका सुझाव

माध्यमिक विद्यालयको शैक्षिक विकासमा वि.व्य.स.को ठूलो भूमिका रहने भएकोले आर्थिक, भौतिक एवम् शैक्षिक अवस्थाको पहिचान गर्नका लागि विभिन्न नीति अपनाउनु पर्दछ विद्यालय व्यवस्थापनको लागि विद्यालयले सरकारी अनुदानमा मात्र भर नपरी स्थानीय स्रोत सामाग्रीलाई परिचालन गरी जि.वि.स. र नगरपालिकाले आर्थिक तथा भौतिक साधनको लागि चाहिने आवश्यक खर्च गर्नुपर्ने नीति बनाउनु पर्दछ । सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन गर्ने जिम्मा स्थानीय निकाय, व्यवस्थापन समितिलाई काम कर्तब्य र अधिकार नीतिगत रुपमा तयार गर्नुपर्दछ । विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियामा वैज्ञानिकीकरण गर्न ऐन तथा विद्यार्थी संख्याको आधारमा शिक्षकको दरबन्दी थप गर्नका लागि स्थानीय निकायबाट पहल गर्नु पर्दछ । दरबन्दी वितरण गर्दा पहुँचको आधारमा वितरण नगरी विद्यार्थी संख्याको आधारमा वितरण गर्ने बनाउनु पर्दछ ।

### ५.३.२ अभ्यास तहका सुझाव

विद्यालयको भौतिक सुविधा तथा शैक्षिक स्तरको लागि स्थानीय सरोकारवाला, स्थानीय निकाय, सामाजिक कार्यकर्ता, राजनैतिकदलसँग छलफल गरी आवश्यक व्यवस्था मिलाउनुपर्ने देखिन्छ । माध्यमिक विद्यालयमा शैक्षिक राजनैतिक स्वार्थभन्दा बढी पेशा प्रति समर्पित भई कार्य गर्नुपर्ने देखिन्छ । सरकारी तथा स्थानीय स्तरबाट नियमित अनुगमन र निरीक्षण गर्नुपर्ने देखिन्छ । विद्यालय व्यवस्थापन समितिलाई बेलाबेलामा अभिमुखीकरण तालिम दिनुपर्ने र उत्कृष्ट व्यवस्थापन गर्ने समितिलाई पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यस्ता विद्यालय व्यवस्थापन समितिले गरेका उदाहरणीय कार्यका बारेमा अन्य विद्यालय व्यवस्थापन समिति समक्ष प्रचार-प्रसार गराउनुपर्ने देखिन्छ । स्रोत व्यक्तिको सहभागितामा बेलाबेलामा शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति बिच अन्तरक्रिया कार्यक्रम संञ्चालन गराउनु पर्दछ । विद्यालयले अभिभावकलाई विद्यालयको नियमित भ्रमण गर्न उत्साहित गर्नुका साथै समय-समयमा अभिभावक भेलाको आयोजना गर्नुपर्दछ । वि.व्य.स.ले विद्यालयमा सञ्चालित शैक्षणिक कार्यक्रमको नियमित अनुगमन र मूल्याङ्कन गर्नुपर्दछ । मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न र वैज्ञानिक बनाउन निरन्तर मूल्याङ्कन प्रणाली तथा पृष्ठपोषणलाई व्यवस्थित गर्नुपर्दछ ।

### ५.३.३ अनुसन्धान तहका लागि सुझावहरु

यहाँ अध्ययनको क्रममा विद्यालयको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको अपरिहार्यता सम्बन्धी अध्ययन गरीएको हुँदा यस सम्बन्धी अन्य पक्षहरुलाई पनि अध्ययन गर्न सकिने हुँदा अभ्यास तहमा सरोकारवालालाई थप जिम्मेवार बनाई बर्तमानमा देखिएका समस्या तथा चुनौती र भविष्यमा देखा पर्ने कठिनाइलाई हटाउनको लागि थप अनुसन्धान तहमा जोड दिनुपर्ने देखिन्छ । सामुदायिक विद्यालयहरुको आर्थिक तथा भौतिक पक्ष कमजोर रहेको हुँदा शैक्षिक विकासमा विद्यमान स्रोत र साधनको प्रभाव सम्बन्धी अध्ययन गर्न सकिने छ । विभिन्न विषयगत रुपमा विद्यार्थीहरुको वास्तविक शैक्षिक स्तरमा एस.एल.सी.को उपलब्धीको अध्ययन गर्नुपर्ने आवश्यक्ता देखिन्छ । शैक्षिक विकासका लागि उच्चस्तर र निम्नस्तरका विद्यार्थीहरुका अभिभावकहरुको सक्रियता सम्बन्धी अध्ययन गर्न सकिनेछ ।

## सन्दर्भ सामग्री


अधिकारी, नारायण प्रसाद (२०६७), *शैक्षिक प्रशासन र सुपरिवेक्षण, काठमण्डौं : सनलाइट पब्लिकेशन ।*

कोइराला र श्रेष्ठ(२०६३), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।*

काफ्ले, सुदेव र अन्य वा (२०६०), *शैक्षिक प्रशासन र सुपरिवेक्षण, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।*

काफ्ले, बिष्ट, सिन्हा श्रेष्ठ (२०६०), *शैक्षिक योजना काठमाण्डौं : भुँडी पुराण प्रकाशन ।*

खनाल, केदार प्रसाद (२०६५), समुदायमा हस्तान्तरण भएका र नभएका *सामुदायिक प्राथमिक विद्यालयहरुको आन्तरिक दक्षता र विद्यालय व्यवस्थापकीय पक्षको तुलनात्मक अध्ययन, प्रकाशित सोधपत्र, शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रि.वि. किर्तिपुर ।*

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति काठमाण्डौं : सनलाइट पब्लिकेशन ।*

लाल, निर्मल कुमार (२०६५), *विद्यालय सुधार योजनामा विद्यालय व्यवस्थापन समितिको भूमिका, प्रकाशित शोधपत्र, शिक्षा शास्त्र केन्द्रिय विभाग, त्रि.वि. किर्तिपुर ।*

गौतम, जनकराज (२०६३), *सार्वजनिक लेखा परीक्षणको अवधारणा, भक्तपुर :शैक्षिक सुचना संगालो ।*

घिमिरे, बद्री प्रसाद (२०६१), *सामुदायिक विद्यालयको व्यवस्थापन समिति छनौट प्रक्रियामा सुधार हुनुपर्ने कि नपर्ने, शैक्षिक मञ्च ।*

भण्डारी, मुकुन्द प्रसाद (२०६१), *नेपालमा प्राथमिक शिक्षा काठमाण्डौं, विद्यार्थी पुस्तक भण्डार काठमाण्डौं ।*

शिक्षक शिक्षा (२०६४), *शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, भक्तपुर ।*

# अनुसूची १

## विद्यालयहरुको सामान्य परिचय

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | वि.व्य.स.को अध्यक्ष | प्र.अ. | शि.अ.स. | शिक्षक संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री जन ज्योति उ.मा.वि. लालबन्दी | रुद्र ब. ठाडा मगर | श्री चन्द्र नारायण सिंह | रुद्र ब. ठाडा मगर | २६ | ११८१ |
| २. | श्री शिशु कल्याण जनता उ.मा.वि.,हरिभन, करहिया | मान ब. खड्का | श्री बद्री प्र. कोइराला | हरुनीराम चौधरी | १९ | ९६० |
| ३. | श्री नारायण जनता उ.मा.वि. जियाजोर | बेचुराज तिमलसिना | श्री ऋषि सुबेदी | सुसल ठोकर | १८ | ७५० |
| ४. | श्री फौद सिंह जनता उ.मा.वि. रानिगंज | नवराज अधिकारी | श्री अमिरि चौधरी | किरण थापा | १९ | ९२० |
| ५ | श्री नारायण उ.मा.वि. ईश्वरपुर | जित ब. राणा | श्री दुर्गा नन्द झा | अंबर श्रेष्ठ | २५ | १०५८ |

## अनुसूची २

**अध्यक्षको नामः** **शैक्षिक योग्यताः**

**विद्यालयको नामः** **पेशाः**

- यस विद्यालयका आर्थिक स्रोतहरु के-के हुन् ?
- तपाईले आर्थिक तथा भौतिक अवस्थाका सुधारका लागि के-कस्ता पहलहरु गर्नु भएको छ ?
- विद्यालय व्यवस्थापन समितिको बैठक कति पटक बस्छ ? यसमा कस्ता विषयहरुलाई बढी प्राथमिक्ता दिनु हुन्छ ?
- तपाईहरुले शैक्षिक गुणस्तर सुधारका लागि प्र.अ. तथा शिक्षक कसरी परिचालन गर्नु भएको छ ?
- शिक्षण सिकाइ प्रक्रियामा विद्यालय व्यवस्थापन समितिले के-कस्ता कार्यहरु गर्दछ ?
- शिक्षक, कर्मचारी नियुक्ति र कार्यक्षमता मूल्याङ्कनको कस्ता व्यवस्था गर्नु भएको छ ?
- शिक्षकको कार्य दक्षता अभिवृद्धि गर्न के-कस्तो व्यवस्था छ ?
- तपाईको विद्यालयमा शिक्षक विद्यार्थी नियमिततालाई के-कस्तो रुपमा लिनु भएको छ?
- प्रवेशिका परीक्षाको स्थितिलाई हेर्दा शैक्षिक स्तर कस्तो छ ?
- शैक्षिक स्तर सुधार गर्न कुनै विशेष कार्यनीति तयार गर्नु भएको छ ?
- विद्यार्थी क्रियाशिलता बढाउन के-कस्ता उपायहरु अवलम्बन गर्नु भएको छ ?
- कस्ता-कस्ता अवसरमा अभिभावक भेला बोलाउने गर्नु भएको छ ?
- शैक्षिक स्तर सुधार गर्नमा कस्को भूमिका महत्वूर्ण भएको ठान्नु हुन्छ ?

## अनुसूची ३

## प्र.अ. लाई सोधिएको अन्तरवार्ता सूची

**नामः** **शैक्षिक योग्यताः**

**विद्यालयः** **शिक्षण अनुभवः**

- तपाई कति बर्ष देखि यस विद्यालयमा प्र.अ. हुनुहुन्छ ?
- तपाईको विद्यालयका आर्थिक स्रोतहरु के-के हुन र कति छन् ?
- तपाईको विद्यालयमा आर्थिक तथा भौतिक पक्षलाई सुद्धिढ बनाउन विद्यालय व्यवस्थापन समितिले के-कस्तो भूमिका खेलेको छ ?
- विद्यालयको शिक्षण सिकाइ प्रक्रियामा विद्यालय व्यवस्थापन समितिले के-कस्ता पहल गर्नु पर्ला
- विद्यार्थीहरुको शैक्षिक उपलब्धी वृद्धि गर्न थप के-कस्ता व्यवस्था गरेको छ ?
- विद्यालय सञ्चालनमा व्यवस्थापन समितिको सहयोग कतिको पाउनु हुन्छ ?
- शिक्षण सिकाइ प्रक्रियामा शिक्षकहरु कसरी परिचालन गर्नु भएको छ ?
- विद्यालयको हालको शैक्षिक स्तर देखि सन्तुष्ट हुनुहुनछ ?
- शैक्षिक स्तरमा थप वृद्धि गर्न के-कस्ता कार्ययोजनाहरु निर्माण गर्नु भएको छ ?
- शैक्षिक विकासमा शिक्षकहरुको भूमिका तथा उत्तरदायित्व कस्तो पाउनु भएको छ ?
- शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको कस्तो भूमिकाको अपेक्षा गर्नु हुन्छ
- शिक्षकहरु आफ्नो कार्य प्रति कतिको ईमान्दार हुनुहुन्छ ?
- शिक्षक विकासका लागि अभिभावकहरुको सहयोग र सक्रियता कस्तो पाउनु भएको छ ?

## अनुसूचि ४

## शिक्षकलाई सोधिएको अन्तरवार्ता सूची

**नाम :** **शैक्षिक योग्यता :**

**विद्यालय :** **शिक्षण अनुभव :**

- तपाईको विद्यालयको शैक्षिक स्तरबाट तपाई सन्तुष्ट हुनुहुन्छ ?
- के-के कुराले विद्यालयको शैक्षिक स्तरलाई प्रत्यक्ष प्रभाव पार्छ ?
- आर्थिक तथा भौतिक स्रोत जुटाउन वि.व्य.स.ले के-कस्तो पहल गर्छ ?
- तपाई विद्यालयमा शिक्षण सिकाइ कसरी गर्नु हुन्छ ?
- शिक्षण सिकाइ प्रक्रियामा विद्यालय व्यवस्थापनले के-कस्तो व्यवस्थापन गर्छ ?
- विद्यालय व्यवस्थापन समितिबाट तपाई के-कस्तो सहयोगको अपेक्षा गर्नु हुन्छ ?
- अपेक्षित सहयोग कति को प्राप्त गर्नु भएको छ ?
- अभिभावकहरु आफ्ना बालबालिकाका गुनासाहरु लिएर कतिको आउनु हुन्छ र कस्ता गुनासाहरु लिएर आउनु हुन्छ ?
- विद्यालय व्यवस्थापन समितिले तपाईको विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि के-कस्ता कार्यहरु गरेको छ ?
- शिक्षकहरु तथा व्यवस्थापन समिति बिच विद्यालयका शैक्षिक समस्या समाधानका विषयमा छलफल वा अन्तरक्रियाहरु हुने गर्दछन् ?
- तपाईको विद्यालयमा विद्यालय व्यवस्थापन वा प्रशासनबाट कुनै शिक्षक पुरस्कृत वा दण्डीत भएको थाहा छ ?
- विद्यालयको शैक्षिक सुधार गर्न विद्यालय व्यवस्थापन समितिले के-कस्ता कार्यहरु गर्नु पर्छ जस्तो लाग्छ ?

## अनुसूची ५

## अभिभावकहरुलाई सोधिएको अन्तरवार्ता सूची

**नाम :** **शैक्षिक योग्यता :**

**पेशा :** **ठेगाना :**

- तपाई आफ्ना बालबालिकाको पढाइ प्रति सन्तुष्ट हुनुहुन्छ ?
- तपाई विद्यालय जाने गर्नु हुन्छ र किन ?
- आर्थिक स्रोत तथा भौतिक साधन जुटाउन तपाईले विद्यालयलाई के-कस्तो सहयोग गर्नु हुन्छ ?
- यस विद्यालयमा बर्षमा कति पटक अभिभावक भेला गरीन्छ ?
- अभिभावक भेलामा कस्ता विषय सस्तुहरु माथि छलफल गरीन्छ ?
- तपाईहरुले दिनु भएको सुझावहरु विद्यालय व्यवस्थापनले कतिको कार्यान्वयन गरेको पाउनु भएको छ ?
- बालबालिकाको सिकाइ स्तर बढउन अभिभावक स्वयम् ले के-के गर्नुपर्छ ?
- शिक्षण सिकाइ प्रक्रियाका लागि आफ्ना बालबालिकालाई कसरी सहयोग गर्नु हुन्छ ?
- विद्यालयमा शैक्षिक स्तर वृद्धि गर्न के-कस्ता कार्यहरु गर्नु पर्दछ जस्तो लाग्छ ?
- शैक्षिक सुधारका विषयमा विद्यालय व्यवस्थापन समितिको अभिभावकहरु संग छलफल गर्ने गर्दछ ?
- तपाईको बालबालिकाले कसको सहयोगमा गृहकार्य गर्दछन् ?

## अनुसूची ६

## समूह छलफल निर्देशिका

- लेखा परीक्षण
- विद्यालय र अभिभावक सम्बन्ध
- विद्यालय व्यवस्थापन समितिको भूमिका
- शिक्षक र व्यवस्थापन समिति बिचको सम्बन्ध
- आर्थिक पारदर्शिता
- आर्थिक संकलन र परीक्षा प्रणाली
- प्रवेश परीक्षा र प्रभावकारीता
- भौतिक पूर्वाधारमा जनश्रमदान

## अनुसूची ७

## विद्यालय अवलोकन फारम

**विद्यालयको नाम :**

**प्र.अ.को नाम :**

| क.सं. | विवरण | अवस्था | पर्याप्त | अपर्याप्त |
|---|---|---|---|---|
| १. | विद्यालय भवन | | | |
| २. | विद्यालय परिषद | | | |
| ३. | छाना | | | |
| ४. | कक्षा कोठा | | | |
| ५. | खेल मैदान | | | |
| ६. | खानेपानी | | | |
| ७. | सौचालय | | | |
| ८. | पुस्तकालय | | | |
| ९. | वाचनालय | | | |
| १०. | प्रयोगशाला | | | |
| ११. | फर्निचर | | | |
| १२. | खेलकूद सामाग्री | | | |
| १३. | कम्पाउण्ड | | | |
| १४. | शैक्षिक सामाग्री | | | |
| १५. | बार्षिक कार्य पात्रो निर्माण | | | |
| १६. | शिक्षकको नियमितता | | | |
| १७. | विद्यार्थी नियमितता | | | |
| १८. | शिक्षक संख्या | | | |
| १९. | कर्मचारी, पियन तथा पाले | | | |
| २०. | तलिम प्राप्त शिक्षक | | | |
| २१. | साप्ताहीक कार्यभार | | | |
| २२. | विद्यार्थी संख्या | | | |
| २३. | शिक्षक विद्यार्थी अनुपात | | | |

अनुसूची ८

आर्थिक स्रोतको अवस्था

| क.सं. | सरकारी अनुदान | सरकारी अनुदान | शुल्क | जग्गा जमिनबाट आम्दानी | ग.वि.स.ले दिने अनुदान | ब.उ.स.के बाट प्राप्त | चन्दा |
|---|---|---|---|---|---|---|---|
| १. | श्री जन ज्योति उ.मा.वि. लालबन्दी | ३५४५१९३ | ४१२७१५ | १४९६३०० | | | |
| २. | श्री शिशु कल्याण जनता उ.मा.वि करहिया | २७०३००५ | ६०९४२० | ८९५४८ | २००००० | | ५००००० |
| ३. | श्री नारायण जनता उ.मा.वि. जियाजोर | २८२४२५६ | ६१४५२० | ५०८३२ | २०००० | ७००००० | |
| ४. | श्री फौद सिंह जनता उ.मा.वि. रानिगंज | २६०८८४९ | ८१७४५० | ४४९१५ | १००००० | ५००००० | ८००००० |
| ५. | श्री नारायण उ.मा.वि. ईश्वरपुर | ३२९५३९८ | ४०२६७२ | १६४६६८२ | | | |

स्रोत : स्थलगत अध्ययन, २०६९

## अनुसूची ९

## विद्यालयका भौतिक विवरणहरु

| क्र.सं. | विवरण | श्री जनज्योति उ.मा.वि. | श्री शिशु कल्याण उ.मा.वि. | श्री नारायण जनता उ.मा.वि. | श्री फौद सिंह उ.मा.वि. | श्री नारायण उ.मा.वि |
|---|---|---|---|---|---|---|
| १. | विद्यालय भवन | ५ पक्की १ कच्ची | २ पक्की १ कच्ची | २ पक्की १ कच्ची | १ पक्की २कच्ची | २ पक्की १ कच्ची |
| २. | कक्षा कोठा | ३२ | १३ | १२ | २० | ३५ |
| ३. | खेल मैदान | ४ कट्ठा | ८ कट्ठा | ३ कट्ठा | १ बिघा | १ बिघा |
| ४. | खेल समाग्री | पर्याप्त | सामान्य | सामान्य | सामान्य | पर्याप्त |
| ५. | खाने पानी | ७ | १ | - | १ | ५ |
| ६. | शौचालय | ३० | ३ | ३ | ७ | २५ |
| ७. | प्रयोगशाला | १ | - | - | - | १ |
| ८. | पुस्तकालय | पर्याप्त | सामान्य | सामान्य | सामान्य | पर्याप्त |
| ९. | शैक्षिक सामग्री | सामान्य | सामान्य | सामान्य | सामान्य | सामान्य |
| १०. | फर्निचर | ३५० जोडा | १८० जोडा | २१० जोडा | २८० जोडा | ३९० जोडा |
| ११. | कम्पाउण्ड | छ | - | - | - | छ |
| १२. | विद्यार्थी संख्या | ११८१ | ९६० | ७५० जोडा | ९२० | १०५८ |

**स्रोत : स्थलगत अध्ययन, २०६९**

## अनुसूची १०

## विद्यालयको कक्षा दोहर्याउने र कक्षा छाड्ने स्थिति

| विद्यालयको नाम | भर्ना भएका विद्यार्थी | | अन्तिम परीक्षामा सम्मिलित विद्यार्थी | | उत्तीर्ण विद्यार्थी | |
|---|---|---|---|---|---|---|
| | कक्षा ९ | कक्षा १० | कक्षा ९ | कक्षा १० | कक्षा ९ | कक्षा १० |
| श्री जनज्योति उ.मा.वि. लालबन्दी | १८१ | १६८ | १६८ | १६३ | १७८ | १६३ |
| श्री शिशु कल्याण जनता उ.मा.वि करहिया | १०३ | ११२ | ९९ | १०९ | ९९ | १०९ |
| श्री नारायण जनता उ.मा.वि. जियाजोर | ८५ | ७८ | ८१ | ७५ | ८१ | ७५ |
| श्री फौद सिंह जनता उ.मा.वि. रानिगंज | ९८ | १०६ | ९३ | १०४ | ९३ | १०४ |
| श्री नारायण उ.मा.वि. ईश्वरपुर | १४८ | १३६ | १४४ | १३३ | १४४ | १३३ |

**स्रोतः स्थलगत अध्ययन, २०६९**